**डढेलोबाट बचौं र बचाऔं ।**
- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्ररी निभाऔं,
- वनजङ्गलमा धुम्रपान नगरौं,
- हाम्रो सानो असावधानीले जङ्गलमात्र होइन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं, सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

prateekdaily.com




Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ चैत २१ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 04 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२३

## सिमरा सेजमा उद्योगीको लर्कोः ६८ प्लटमध्ये २७ बूक

राधेश्याम पटेल, वीरगंज, २० चैत

विशेष आर्थिक क्षेत्र(सेज) सिमरा निर्माण भई हस्तनान्तरण भएको तीन वर्षपछि उद्योगीहरू बल्ल पाइला टेक्न थालेका छन् । गत फागुन १५ देखि ३० गते सम्म सेज प्राधिकरणले उद्योग लगाउन गरेको सूचना अह्वानमा ९ जना उद्योगीले २७ वटा प्लट बूक गर्न आवेदन दिएका छन् ।



सिमरास्थित सेज

सेज सञ्चालनको विधान संशोधन गरी सूचना भएपछि पछिल्लोपटक भैरहवा सेजसँगै सिमरा सेजमा उद्योगी व्यवसायीको आकर्षण बढन थालेको हो । भैरहवा सेजमा कुल ४५ प्लटमा ५५ वटा उद्योगीको आवेदन परेको छ भने सिमरामा २७ वटा प्लट बूकिङको लागि आवेदन परेको सिमरा सेजका सब इन्जिनीयर आनन्द भट्टले बताए ।

उनका अनुसार कुल ३४३ बिघा क्षेत्रफल भित्रको ए ब्लकको ६८ वटा प्लट बूकिङका लागि सूचना आह्वान गरिएकोमा २७ वटा प्लटको लागि आवेदन परेको हो । "धेरै उद्योगीले सेजको नीति नियम नबुझेर आवेदन गर्न भ्याउनु भएको छैन"–उनले भने–"अहिले दैनिक २,३ जना उद्योगी सोधपुछ गर्न आइराख्नु भएको छ, अहिले आएका उद्योगी व्यवसायीहरूको गणना गर्ने हो भने अबको सूचनामा प्लट पाउन नै मुश्किल हुने जस्तो छ ।"

सेज प्राधिकरणले एक दुई दिनमैं दोस्रोपटक सूचना आहवान गर्ने तयारी गरेको बताउँदै उनले सिमरा सेजले पनि अब गति लिएको प्रस्ट पारे । २०६२–०६३ देखि शुरू भएको सेज परियोजना करीब १४ वर्ष अर्थात् गत २०७६ सालमा निर्माण भई उद्योग लगाउन पहिलोपल्ट सूचना आह्वान गरिएको थियो । त्यति बेला प्रतिवर्गमिटर जग्गाको मासिक भाडा रु २० निर्धारण गरिएको थियो भने उद्योग स्थापनाको पहिलो वर्ष नै ७५ प्रतिशत उत्पादन विदेश निर्यात गर्नुपर्ने व्यवस्था थियो, जुन उद्योग व्यवसायीको लागि बाधक थियो ।

अहिले विधान संशोधनपछि प्रतिवर्गमिटर जग्गाको भाडा रु १० तोकिएको छ भने शुरूको दुई वर्षसम्म उद्योगले उत्पादन निर्यात नगरे पनि हुन्छ, तेस्रो वर्ष २० प्रतिशत, चौथो वर्ष ४० प्रतिशत, पाँचौं वर्ष ६० प्रतिशत उत्पादन विदेश निर्यात गर्नुपर्नेछ ।

सेजमा उद्योग लगाउँदा सुरक्षित इन्डस्ट्रियल कल्चरका सुविधा अर्थात बन्द हडतालको समस्या हुँदैन, एकै थलोमा भन्सार सुविधा, बैंक, इन्स्योरेन्स, क्वारेन्टिन, बिजुली, नालालगायतको सुविधा पाइने भएकोले पछिल्लोपटक सेजमा उद्योगी व्यवसायीको लर्को लाग्न शुरू भएको हो । सिमरा सेजमा बूक भएको २७ वटा प्लटमा स्वदेशी र भारतीय उद्योगीले उद्योग लगाउन इच्छा प्रकट गरेका छन् ।




सेजका सब–इन्जिनीयर आनन्द भट्ट । तस्वीरः प्रतीक

बूकिङका लागि आवेदन परेको २७ प्लटमा गार्मेन्ट, हार्डवेयर, अर्गानिक मल, किचेन वेयर, स्कूटरको एसेम्बल प्लान्ट तथा हिटर उत्पादन गर्ने उद्योगको आवदेन परेको सब–इन्जिनीयर भट्टले जानकारी गराए । सिमरा सेजको ६८ वटा ब्लक बूक भयो भने करीब ५ अर्बको लगानी आउने र करीब ८ सयजनाको लागि रोजगार सृजना हुने अनुमान छ ।

सिमरा सेजमा स्थापना हुने उद्योगले सम्झौता गरेपछि ६ महीनाको अग्रिम भाडा एकमुस्ट दिनुपर्छ भने एक वर्षभित्र उद्योग लगाइसक्नुपर्छ । उद्योगले पाँच वर्षसम्म आयकर छुट पाउने छन् भने २५ वर्षसम्म ५० प्रतिशत आयकर तिर्नुपर्छ । पाँच वर्षसम्म मासिक रु १० प्रतिवर्गमिटर भाडा दिने उद्योगले ५ वर्षपछि मासिक रु २० प्रतिवर्गमिटर भाडा दिनुपर्ने व्यवस्था छ । सिमरा सेजको ए ब्लकमा रहेको ६८ वटा प्लट ६८ सयदेखि १२ हजार वर्गमिटर क्षेत्रफलको छुटाछुटै प्लट छ । सबै प्लटमा मुख्य बाटोसँग जोडिएको सहायक सडक तथा बिजुली र नाला पुगेको छ ।

सिमरा विमानस्थलभन्दा पूर्व अवस्थित ८३३ बिघा क्षेत्रफलमा ३४३ बिघाको ए, १२१ बिघाको बी, ४९ बिघाको सी, १७८ बिघाको डी, १३३ बिघाको ई गरी कुल पाँच ब्लक छन् । हाल ए ब्लक उद्योग लगाउनको लागि प्रशासनिक भवन, सडक, नाला, भन्सार कक्ष, क्वारेन्टिन, बैंक भवन, सुरक्षा गार्ड भवन निर्माण गरिएको छ भने बिजुली दुई साताभित्र आपूर्ति गर्ने लक्ष्य छ । सिमरा सेजमा हालसम्म करीब ५ अर्ब खर्च भइसकेको छ । ए ब्लक बूक भइसकेपछि अर्को ब्लकमा भौतिक संरचना निर्माण गरिने छ ।

विशेष आर्थिक क्षेत्र प्राधिकरणका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले पछिल्लो सूचना प्रकाशन गरेपछि सिमरा सेजको बाँकी ४१ वटा प्लटको लागि दोस्रो चरणको सूचना निकाल्ने तयारी रहेको बताए ।

## मधेस प्रदेशमा साढे ३३ लाख मतदाता

प्रस, वीरगंज, २० चैत/

मधेस प्रदेशमा आउँदो वैशाख ३० गते हुने स्थानीय निर्वाचनमा १८ वर्षमाथिका ३३ लाख ३१ हजार १७० जना मतदाता सहभागी हुने भएका छन् ।




यो प्रदेशमा २१६३ वटा मतदान स्थल र ४१८९ मतदान केन्द्र छ । १४ वटा पालिकामा छिपहरमाई गाउँपालिकामा १५ हजार ६६४ जना मतदाता छन् भने ८ वटा मतदान स्थल र २० वटा मतदान केन्द्र छन् ।

जगरनाथपुर गापामा १८ हजार ६१ मतदाता, ११ वटा मतदान स्थल र २३ वटा मतदान केन्द्र छन् । धोबिनी गापामा १२ हजार २६७ मतदाता, ७ वटा मतदान स्थल र १६ वटा मतदान केन्द्र छन् । पकाहामैनपुर गापामा १२ हजार ३१४ मतदाता, ६ वटा मतदानस्थल र १५ वटा मतदान केन्द्र छन् ।

यसैगरी विन्ध्यवासिनी गापामा १४ हजार ८०४ जना मतदाता, ९ वटा मतदान स्थल र २० वटा मतदान केन्द्र छन् । सखुवापरसौनी गापामा १९ हजार ७६३ मतदाता, ७ वटा मतदान स्थल र २१ वटा मतदान केन्द्र छन् । कालिकामाई गापामा १२ हजार ९७५ मतदाता, ६ वटा मतदान स्थल र १५ वटा मतदान केन्द्र छन् । जीराभवानी गापामा १३ हजार ९२९ मतदाता, ९ वटा मतदान स्थल र १८ वटा मतदान केन्द्र छन् । ठोरी गापामा १४ हजार ७०८ जना मतदाता, ९ वटा मतदान स्थल र १८ वटा मतदान केन्द्र छन् । पटेर्वासुगौली गापामा १३ हजार ९२० मतदाता, ८ वटा मतदानस्थल, १७ वटा मतदान केन्द्र छन् ।

पर्सागढी नगरपालिकामा २२ हजार ८०७ मतदाता, १२ वटा मतदान स्थल र २७ वटा मतदान केन्द्र छन् । पोखरिया नपामा १९ हजार ६६४ जना मतदाता, ११ वटा मतदान स्थल र २४ वटा मतदान केन्द्र छन् । बहुदरमाई नपामा २४ हजार ३१४ मतदाता, ११ वटा मतदान स्थल र २८ वटा मतदान केन्द्र छन् भने वीरगंज महानगरपालिकामा १ लाख २४ हजार ६४७ जना मतदाता, ५५ वटा मतदान केन्द्र र १४३ वटा मतदान केन्द्र छन् ।

चौधवटै पालिकामा १ लाख ४८ हजार २८३ जना महिला मतदाता र १ लाख ९१ हजार ५३७ जना पुरुष मतदाता छन् भने अन्य १६ जना छन् ।

## कल्भर्ट बनाउने ठाउँमा ह्युमपाइप जडान, बाढीमा डुबानको खतरा

सुग्रीव साह, भिस्वा, २० चैत/

छिपहरमाई गाउँपालिकाको सबैठवा–जयमङ्गलापुर सडकखण्डमा कल्भर्ट बनाउने ठाउँमा ह्युमपाइप राखेर झारा टार्ने काम भएको छ ।



छिपहरमाई गाउँपालिकाको सबैठवा–जयमङ्गलापुर सडकखण्डमा जडान गरिएको ह्युमपाइप । तस्वीरः प्रतीक

यो सडकखण्डमा गण्डक सिंचाइ नहर अन्तर्गत तीनवटा नहर पर्दछन्, जसमा कल्भर्ट निर्माण गर्नुपर्ने र एउटा गाउँनजीकको खहरे खोलामा कल्भर्ट बनाउनुपर्ने आवश्यक छ ।

गत वर्षको बाढीमा खहरे खोलाले पानीको बहाव थेग्न नसकी गाउँसम्म प्रवेश गरेको थियो ।

अहिले यो ठाउँमा एउटा मात्र ह्युमपाइप जडान गरेर पानीको निकास गर्ने काम भएको छ, जसले आउँदो बाढीमा थेग्न सक्दैन र गाउँ डुबान हुने खतरा बढेको छ ।

सबैठवा–जयमङ्गलापुर सडक अन्तर्गत छिपहरमाई गापा–३ जयमङ्गलापुर र वडा नं ५ भिस्वा क्षेत्रमा चारवटा कल्भर्ट निर्माण गर्नुपर्ने आवश्यक छ । गण्डक नहरका तीनवटा स्थानमा लगाइएको ह्युमपाइपले पनि बाढीको पानी थेग्न सक्दैन ।

एक ठाउँमा पाँचवटा ह्युमपाइप जडान गरिएको छ तर सो ह्युमपाइप जडान गर्दा जमीन सतहभन्दा माथि उठाइएको कारण सामान्य पानी परेको बेलामा बहाव नहुने र बहावको लागि बाढी नै आउनुपर्ने अवस्था छ, जसले गर्दा सो क्षेत्र अन्तर्गतका खेतहरू सामान्य वर्षामा डुबानमा पर्ने सम्भावना छ ।

दुई/तीन वटा ह्युमपाइप राखेर झारा टार्ने काम भएको छ । जसले बाढीमा पानीको बहावलाई थेग्न सक्दैन । यो सडकखण्ड निर्माण गरिरहेको ठेकेदार तथा प्रदेशसभा सदस्य सिंहासन साह कलवारसँग बुझ्दा उनले स्थानीय गाउँलेहरूको सुझावमा ह्युमपाइप जडान गरेको बताए ।

उनले कल्भर्ट निर्माण गर्दा निजी जग्गा सडकखण्डमा पर्ने जस्ता कारणले स्थानीयकै सल्लाह अनुसार ह्युमपाइप जडान गरेको बताए ।

## ग्याँस, पेट्रोलियम पदार्थको हडताल एक साताको लागि स्थगित

प्रस, वीरगंज, २० चैत/

राष्ट्रिय पेट्रोलियम व्यवसाय संस्थागत समन्वय समितिले चैत २० गतेदेखि गर्ने भनिएको देशव्यापी ग्याँस तथा पेट्रोलियम पदार्थको बिक्री बन्द आन्दोलन एक साताको लागि स्थगित गरेको छ ।




तस्वीरः प्रतीक

पेट्रोलियम पदार्थ ढुवानी व्यवसायी सङ्घ, पर्साका अध्यक्ष विनोद चौरसियाले गृहमन्त्री बालकृष्ण खाँणले एक साता अवधि माग गरेकाले तत्कालका लागि आन्दोलन स्थगित गरिएको बताए । समितिले विभिन्न समयमा नेपाल आयल निगम र सरकारलाई छ सूत्रीय माग प्रस्तुत गर्दै पूरा गर्न आग्रह गरेकोमा बेवास्ता गरिएको भन्दै चैत ५ गतेदेखि साङ्केतिक आन्दोलन शुरू गरेको थियो र आज आइतवारदेखि देशभर ग्याँस तथा पेट्रोलियम पदार्थको बिक्री ठप्प पार्ने घोषणा गरेको थियो ।

सोही घोषणा अनुरूप मानिसहरूले ग्याँस र पेट्रोलियम पदार्थको सञ्चय गर्न शुरू गरेका थिए । आजदेखि ग्याँस र पेट्रोलियम पदार्थको बिक्री बन्द गर्न भनिएको कारण शनिवार राति अबेरसम्म पेट्रोलियम पदार्थ बिक्री भएको थियो । राति अबेरसम्म पेट्रोलियम पदार्थ बिक्री गर्ने डिपोमा भने आज पेट्रोल र डिजेलको बिक्री हुन सकेन । सञ्चय गरेका डिपोहरूले भने आज पेट्रोलियम पदार्थ बिक्री गरेका छन् ।

सङ्घका जिल्ला अध्यक्ष चौरसियाले आजदेखि ढुवानी पूर्ववत्रूपमा शुरू भएको र भोलिदेखि पेट्रोलियम पदार्थ र ग्याँसको बिक्री सहजरूपमा हुने बताए ।

## विचारसार र सूक्तिहरू

**कठोर आलोचक तथा कुतर्क गर्नेहरूलाई जति बेवास्ता गऱ्यो, जीवन त्यतिकै सुखमय बन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# अझ भयावह एक्सई

**हो, कोरोनाको नयाँ भेरिएन्ट एक्सई देखा परेको छ। इङ्ग्ल्यान्डमा पहिलोपटक देखा परेको कोरोनाको यो भेरिएन्ट ओमीक्रोनभन्दा पनि बढी गतिमा सङ्क्रमण फैलाउन सक्ने खालको छ । यद्यपि यसको प्रसार भइसकेको समाचार आएको छैन, तर आगो लागेपछि कुवा खन्नुको साटो समय अगावै सतर्क रहनु आवश्यक छ। नेपालमा अधिकांश मानिसले कोरोनाको दोस्रो मात्र होइन, बूस्टर डोजसमेत लिसकेका छन्। त्यसैले कोरोनाप्रति हामी प्रायः असंवेदनशील बनिसकेका छौं। तर कुनै पनि कोरोनाविरुद्ध खोपको प्रभाव दीर्घकालसम्म रहने भनिएको छैन । र खोप लगाएका व्यक्तिलाई कोरोना सङ्क्रमण हुँदैन भनेर पनि कसैले भनेको छैन । नेपालमा आज पनि प्रतिदिन ५–१० जना मानिस कोरोना सङ्क्रमित भेटिइरहेका दिनहुँ समाचारमा आइ नै रहेको छ । यसको मूलमा स्वास्थ्यप्रति हाम्रो अति लापरवाही मात्र हो । आज मास्क लगाउने बिरलै देखिन्छन्, भौतिक दूरी त आज कसैले पालना गर्ने सोचसम्म ल्याएको छैन । सेनिटाइजरले हात प्रदूषणरहित बनाउने समय युगौंपछि परिसकेको हामीले मनोविज्ञान बनाएका छौं । अर्थात् दोस्रो खोप र बूस्टर खोप लगाएर कोरोनालाई मात गरेको धङधडी हाम्रो मन–मस्तिष्कमा बसेको छ ।**

**आज देशमा स्थानीय निर्वाचनको गहमागहमी झन्झन् बाक्लो बन्दै गइरहेको छ । अहिले उम्मेदवारहरूको छनोट भइसकेको छैन, तर घर–आँगन चहार्दै भोट माग्ने कामले गति लिइसकेको छ । ठाउँ–ठाउँमा राजनीतिक सभा–समारोहहरू भइरहेका छन्। यस पार्टीबाट उस पार्टी र उस पार्टीबाट यस पार्टीमा उफ्रने क्रम शुरू भइसकेको छ। यसले भिडभाड बढाउने काम गरिरहेको र भौतिक दूरी कायम गर्ने अवस्था समाप्त पारेको छ । गर्मीको राप यसपालि समय अगावै शुरू भएको छ। उता रूस–युक्रेन युद्धमा प्रयोग भएका बम–बारुदले पनि गर्मी बढाउन सहयोग नै गर्ने अवस्था छ । यस युद्धले इन्धन सङ्कट निम्त्याइसकेको छ । इन्धनको अभावमा ढुवानी भाडा बढेर महँगाइलाई सघाइरहेको छ । युद्धकै परिणामले आउँदो दिनमा मलखादको अभाव हुने अहिले नै भविष्यवाणी भइसकेको छ । मलको हकमा सदा अभावग्रस्त नेपालको भोलिको बालीनाली के हुन्छ, भन्न कठिन छ । युद्धले अन्य उपभोग्य सामग्रीको पनि क्रमैसँग अभाव नभइ रहँदैन। त्यसमाथि अप्रत्याशित रोग निम्तिहाल्यो भने भगवान्को भरोसाबाहेक अरू मानवीय प्रयास प्राप्त हुने आस रहने छैन ।**

**यी सबै कुरा भइ नै हाल्छ भन्ने होइन, आशङ्का मात्र हो । तर आशङ्का फलीभूत हुने डर राखेर हामीले आफ्नो कार्य–व्यापार नियोजित गर्न सक्यौं भने लाभ हामीलाई नै प्राप्त हुन्छ। लामो समयदेखि नेपालीले कठोर दिन बेहोरिरहेको छ। दशकौं लामो भुमरीमा जेलियौं। राजनीतिक–सामाजिक उथलपुथलले नेपाल र नेपालीलाई आक्रान्त पाऱ्यो। देशमा आम निर्वाचन भएपछि सबै विकृति–विसङ्गति शमन हुने विश्वासमा पनि ठेस लाग्यो । आश्वस्त भइहाल्ने अवस्था अहिलेसम्म स्थापित हुन सकेको छैन । मानवी कारणबाहेक प्राकृतिक कारणबाट पनि हामी अत्यधिक पिरोलियौं। भूकम्प, बाढी–पहिरो, आगलागी, कोरोनालगायतले जर्जर भयौं । त्यसैले सतर्कता सिवाय हामीले केही गर्न नसक्ने हुँदा यस महामारीबाट जोगिन सामान्य मात्र स्वास्थ्य मापदण्डको पालना गऱ्यौं भने भाइरस सङ्क्रमणले बिगार्न सक्दैन । राजनीतिक र सामाजिक सङ्क्रमण त खेपि नै सकेका छौं।**

# शिक्षामा निजीकरणको आवश्यकता

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**विश्वका विभिन्न देशहरू–जस्तै अमेरिका, इङ्ग्ल्यान्ड, जापान, इन्डोनेशिया, चीन, फिलिपिन्स आदिले शिक्षाको क्षेत्रमा निजीकरणको नीति अवलम्बन गरेका छन् । अमेरिकाको उदाहरण अग्रणी छ । उदारवादी नीतिको कारण आज अमेरिका शिक्षाको क्षेत्रमा सबैभन्दा अगाडि छ ।**

प्राचीनकालदेखि नै शिक्षा मानव जीवनको अभिन्न अङ्ग रहेको छ तर के भनिन्छ भने शिक्षाको सर्वव्यापीकरण २० औं शताब्दीमा नै सम्भव भएको थियो। वर्तमानमा शिक्षा मानिसको आधारभूत आवश्यकता बनेको छ। प्रत्येक मानिसमा सिक्ने र आफूलाई शिक्षित बनाउने चाहना हुन्छ। शिक्षाले नै जीवनको चुनौती र समस्याहरूसँग जुझ्ने सीप प्रदान गर्छ । आज शिक्षाको धरातलमा नै आधुनिक समाजको जग बसालिएको छ। आज शिक्षाको कार्यक्षेत्र विस्तृत भइसकेको छ।

अनौपचारिक र सस्तो शिक्षा आज अति विशिष्ट भइसकेको छ । यसको कार्यक्षेत्र पनि धेरै विस्तृत भइसकेको छ। धेरैजसो देशमा शिक्षाको राष्ट्रियकरण भइसकेको छ । तर नेपालजस्तो विकासशील मुलुकमा आर्थिक दबाबले गर्दा शिक्षामाथि धेरै व्यय गर्नु सम्भव नभएकोले यहाँ शिक्षामा निजीकरणलाई पनि प्राथमिकता दिइएको छ । देशको शैक्षिक स्तर उठाउनको लागि गरिएको सरकारी र निजी प्रयासले लगभग दुई तिहाई आबादी साक्षर त भएको छ तर २१ औं शताब्दीमा पनि सबैभन्दा बढी अशिक्षित मानिस हाम्रै देशमा छन् । जनसङ्ख्या विस्फोटको अनुपातमा शैक्षिक कार्यक्रमहरूलाई अघि बढाउन हाम्रो सरकार शैक्षिक भ्रष्टाचारले गर्दा असहाय देखिएको छ । विभिन्न खाले कोर्सको कमी एउटा गम्भीर समस्या हो। यस कारण शिक्षाको क्षेत्रमा निजी क्षेत्रको भागीदारी अझ बढी आवश्यक छ।

हुन त नेपालको संविधान अनुसार शिक्षा राज्यको दायित्व हो जसको प्रमुख उद्देश्य प्रत्येक नागरिकमा यस्तो योग्यता र सीपको विकास गर्नु हो जसबाट एउटा उत्तरदायी र सहयोगी नागरिकको निर्माण हुन सकोस्। वि.सं. २०४६ पछि शैक्षिक संस्थाहरूको सङ्ख्यामा निरन्तर वृद्धि भयो र शिक्षामा सुधारको लागि पनि कैयन आयोगहरू गठन भए। नयाँ शिक्षा नीति पनि तयार गरियो तर हालसम्म शैक्षिक क्षेत्रमा सन्तोषजनक स्थिति देखा परेन । वर्तमान समयमा शिक्षाको क्षेत्रमा व्याप्त व्यवस्थामा घट्दो शैक्षिक गुणस्तरले गर्दा के पनि चर्चामा आयो भने शिक्षाको निजीकरण हुनुपर्छ। आज पूर्व प्राथमिक, प्राथमिक र माध्यमिक तहको निजी शैक्षिक संस्था सँगसँगै निजी विश्वविद्यालय पनि खुलिरहेका छन्। चिकित्सा, प्राविधिक, व्यवस्थापन सङ्कायको क्षेत्रमा निजी संस्थाहरूको बाढी नै आएको छ। आज शिक्षामा निजीकरणको फाइदा र हानि दुवै प्रस्ट देखा परिरहेको छ।

सरकारद्वारा सञ्चालित शिक्षण संस्थानहरूको स्थिति दयनीय र गम्भीर चिन्ताको विषय बनेको छ। आधारभूत सुविधाहरू–जस्तै आधुनिक कक्षा, समृद्ध पुस्तकालय, प्रयोगशाला, खेल मैदान, विषयगत दक्ष शिक्षकहरूको समुचित व्यवस्था नभएको कारण त्यहाँको स्तर दिन प्रतिदिन खस्कँदो छ । शिक्षक र विद्यार्थी दुवै राजनीतिक गतिविधिमा लिप्त छन्। शिक्षकहरूको रुझान ट्युशन र कोचिङतर्फ बढिरहेको छ । परिणामस्वरूप माथिल्लो डिग्री हासिल गरे पनि विषयगत जानकारीको मामिलामा विद्यार्थीहरू शून्य छन्। यस खाले परिस्थितिले गर्दा शिक्षामा निजीकरणको माग बढ्दै गएको छ । केही निजी विद्यालयहरूद्वारा दिइने गुणस्तरीय शिक्षाले निजीकरणलाई प्रोत्साहित गरेको छ।

आर्थिक संसाधनको कमीको कारण धेरैजसो सामुदायिक विद्यालयहरूमा पर्याप्त भवन छैन । सरकारी विद्यालयहरूको निरीक्षण गर्दा कहींकहीं कक्षामा कालोपाटीजस्ता मूलभूत सुविधाको स्थिति पनि सन्तोषजनक नरहेको जानकारी प्राप्त हुन आएको छ। विद्यालयहरूमा विषयगत शिक्षकहरूको अभाव छ। विद्यार्थीहरूको अनुपात पनि सन्तोषप्रद छैन । यी यावत् कुराहरूले गर्दा शिक्षाको गुणस्तरीयता निरन्तर प्रभावित भइरहेको हुन्छ । हिजोआज व्यावसायिक पाठ्यक्रममाथि बढी जोड दिइएको छ तर त्यसको लागि पर्याप्त साधनको अभाव छ। उदाहरणको लागि सामुदायिक विद्यालयहरूमा कम्प्युटर शिक्षा प्रारम्भ गरिएको छ तर समस्या के छ भने त्यहाँ पर्याप्त सङ्ख्यामा न कम्प्युटर छ, न कम्प्युटर पढाउने प्रशिक्षित शिक्षक नै । कम्प्युटरजस्तो उपकरणको प्रयोग र त्यसलाई सुरक्षित कसरी राख्ने जस्ता मूलभूत सुविधाको पनि अभाव छ । यी सबै थोकको व्यवस्थापनको लागि अर्थको आवश्यकता हुन्छ । अतः आर्थिक समस्याको समाधानको एक मात्र विकल्प सामुदायिक विद्यालयहरूमा समेत छुट्टै शुल्क तिरेर पढ्नको लागि अङ्ग्रेजी माध्यमको कक्षा सञ्चालन भइरहेको छ जसबाट झन् भ्रष्टाचार मौलाएको देखिन्छ।

आज सरकारी शिक्षक आफ्नो कार्य र उत्तरदायित्वप्रति उदासीन छ। उनीहरू के बिर्सिसकेका छन् भने राष्ट्रको भविष्य उनीहरूको हातमा छ। आज उनीहरूको रुचि शिक्षणभन्दा बढी तलबमा रहेको छ। सरकारी शिक्षकहरूमा योग्यता र क्षमताको अभाव छ भन्ने होइन। अभाव कर्तव्यनिष्ठा, प्रोत्साहन, उचित प्रशिक्षण तथा उपयुक्त वातावरणको छ जसले गर्दा उनीहरूमा भएको क्षमताको उचित लाभ विद्यार्थीहरूलाई भइरहेको छैन । यसबाहेक शिक्षक एउटा बहुउद्देश्यीय कर्मचारी हुन्छ जसमाथि अध्यापनबाहेक चुनाव र जनगणनाजस्ता कामहरूको उत्तरदायित्व पनि सुम्पिएको हुन्छ। यदि शिक्षामा निजीकरणलाई प्राथमिकता दिइयो भने उपयुक्त वातावरण पाएपछि शिक्षकहरू आफ्नो सीपबाट विद्यार्थीहरूलाई लाभान्वित गर्न सक्छन्।

हिजोआज सामुदायिक विद्यालयका शिक्षक र कर्मचारीहरूमा काम गर्ने प्रवृत्ति प्रायः समाप्त भइसकेको छ । त्यहाँ वर्षभरिमा करीब छ महीना काम र छ महीना बिदा नै रहन्छ। प्रायः शिक्षक वा कर्मचारी हडताल वा निजी कामले छुट्टीमा बसेका हुन्छन् । शिक्षामा दलगत राजनीतिको व्यापक प्रभाव हाम्रो देशमा रहेको छ। त्यहाँ पठनपाठन संस्कृतिको अभाव छ। तसर्थ विद्वान्हरूको के मत छ भने यस समस्याको समाधान शिक्षाको निजीकरणले नै हुन सक्छ र यसो गरियो भने उनीहरूमा कार्य संस्कृतिको विकास हुन्छ किनभने यसमा त्यही शिक्षकहरू सामेल हुन्छन् जो आफ्नो कार्य इमानदारी साथ पूरा गर्छन्।

आजका अधिकांश शैक्षिक समस्याहरू नियन्त्रण र प्रशासनसँग सम्बन्धित छन् । संविधानमा शिक्षाको जिम्मेवारी राज्य र स्थानीय सरकारलाई सुम्पिएको छ । नयाँ विद्यालय खोल्नु, पाठ्यक्रम तयार गर्नु, त्यसमा संशोधन गर्नु, पाठ्यपुस्तक लेखन र बिक्री यावत कार्यको लागि सरकारसँग अनुमति लिनुपर्छ। यहाँ ध्यान दिनुपर्ने कुरो के हो भने यदि स्थानीय आवश्यकता अनुसार उपयुक्त समयमा, स्थानीय भागीदारी र उपलब्ध साधन प्रयोग गरी समस्या समाधानको प्रयास हुन्छ भने त्यो कारगर साबित हुन्छ तर यसको लागि भ्रष्टाचार मुक्त र प्रतिबद्ध स्थानीय सरकारको छनोट गर्नुपर्ने हुन्छ । यदि शिक्षा सरकारी नियन्त्रणबाट पूर्णरूपले मुक्त हुन्छ भने शिक्षामा हुने व्यर्थको विवाद सदाका लागि समाप्त हुन्छ । यस कारण शिक्षाको उपयोग र त्यसलाई उद्देश्यपूर्ण बनाउन शिक्षाको निजीकरण आवश्यक देखिएको छ।

वर्तमानमा शिक्षा क्षेत्रको अवलोकन गर्दा के प्रस्ट हुन्छ भने यहाँ दिन प्रतिदिन भ्रष्टाचार बढ्दै गइरहेको छ। विद्यार्थीको प्रवेशदेखि शिक्षकको नियुक्ति, विद्यालयको लागि आवश्यक उपकरण र पुस्तकालयको लागि पुस्तकहरूको किनमेल कहीं पनि इमानदारी देखिंदैन। युनेस्को र विश्व बैंकजस्ता संस्थाहरूद्वारा शिक्षाको विकासका लागि दिइएको अनुदानको रकम मध्ये कति प्रतिशत सदुपयोग हुन्छ भन्ने कुरा सर्वविदित छ । यस परिस्थितिबाट छुटकारा पाउने एउटा तरीका शिक्षाको निजीकरण हुन सक्छ।

नेपालमा पटकपटक गठित आयोग द्वारा शिक्षामा व्यवसायीकरणको सुझाव दिइएको छ । व्यवसायीकरणको अर्थ व्यवसाय उन्मुख शिक्षाको लागि तत्सम्बन्धी ज्ञान भएका योग्य शिक्षक, उपकरण आदिको उपलब्धता । नेपाल जस्तो विकासशील देशको लागि यो के कारणले आवश्यक छ भने शिक्षामा निजीकरणद्वारा विद्यार्थीहरूलाई विभिन्न खाले व्यावसायिक पाठ्यक्रमको शिक्षा दिएर उनीहरूलाई आत्मनिर्भर बनाउन सकियोस् र राष्ट्रको समृद्धिमा उनीहरूको योगदान होस्।

विश्वका विभिन्न देशहरू–जस्तै अमेरिका, इङ्ग्ल्यान्ड, जापान, इन्डोनेशिया, चीन, फिलिपिन्स आदिले शिक्षाको क्षेत्रमा निजीकरणको नीति अवलम्बन गरेका छन् । अमेरिकाको उदाहरण अग्रणी छ। उदारवादी नीतिको कारण आज अमेरिका शिक्षाको क्षेत्रमा सबैभन्दा अगाडि छ । यहाँ कुनै पनि विश्वविद्यालय खोल्न सरकारको अनुमति लिनुपर्दैन । विद्यालय र क्याम्पस खोल्न चाहने मानिससँग संस्थाको आवश्यकता पूर्तिको लागि पर्याप्त धन हुनु आवश्यक छ । विद्यालय शुल्कको उचित प्रतिफल प्राप्त भइरहेको वा नभइरहेको कुरा विद्यालयले स्वयं हेर्नुपर्ने हुन्छ। यस कारण निजीकरणबाट शिक्षामा प्रतिस्पर्धा हुन्छ र शिक्षामा गुणस्तरीयता कायम रहन्छ। यद्यपि हाम्रो देश पनि यस बाटोमा हिंड्न प्रारम्भ गरेको छ तर अहिले पनि धेरै काम गर्न बाँकी छ।

# प्रतिगमनविरुद्धको खबरदारी जारी –अध्यक्ष प्रचण्ड

महोत्तरी, २० चैत/रासस

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रतिगमनविरुद्धको खबरदारी जारी नै रहेको बताएका छन्। आसन्न स्थानीय तह निर्वाचनमा प्रतिगमनकारी जनताबाट पाखा लागेपछि आन्दोलनको एक चरण पूरा हुने उनले बताए।





बर्दिबास नगरपालिका–११ खयरमाराको सुन्दरबस्तीस्थित निर्मल लामा बहुप्राविधिक शिक्षालयको नवनिर्मित भवनको आइतवार उद्घाटन गर्दै अध्यक्ष प्रचण्डले भने, "हामीले गत वर्ष असंवैधानिक तवरले संसद् विघटन गर्ने हरकतलाई ठेगान लगायौं, यसपालिको आसन्न स्थानीय तह निर्वाचनले प्रतिगमनकारी झारपात सबै साफ गर्नेछ।" आसन्न स्थानीय तह निर्वाचनसम्म मात्र नभएर अब हुने संसदीय निर्वाचनसम्म प्रतिगमनविरुद्धको पाँच दलीय गठबन्धन कायम रहने उनको भनाइ थियो।

अध्यक्ष प्रचण्डले विगतमा आफू नेतृत्वको जनयुद्धताकाको ऐतिहासिक ठाउँ खयरमारा प्राविधिक शिक्षाको केन्द्र बनेको चर्चा गरे । रु पाँच करोड ५० लाख लागतको ४० कोठे र रु चार करोड ८३ लाख लागतको २१ कोठे गरी दुई अत्याधुनिक भवन शिक्षालयका तयार भएका छन्।

"अब यो शिक्षालय मुलुकभरि दक्ष प्राविधिकको परिपूर्ति गर्ने मुलुककै एउटा खास गन्तव्य बन्दैछ," उनले भने, "यहाँको शैक्षिक उत्पादनले मुलुकको विकासमा महत्त्वपूर्ण योगदान दिने विश्वास गर्न सकिन्छ।"

नेपालको वाम प्रजातान्त्रिक आन्दोलनका योद्धा स्व निर्मल लामाको नाउँमा 'निर्मल लामा बहुप्राविधिक शिक्षालय' स्थापना भएर सञ्चालनमा आएको चार वर्ष पूरा भएको छ । शिक्षालयले सिभिल इन्जिनीयरिङ, जोमेट्रिक इन्जिनीयरिङ (अमिन, सर्भे), वनविज्ञान, फूड एन्ड डेरी टेक्नोलोजी, होटल म्यानेजमेन्ट, फार्मेसी र रेडियोग्राफी (रेडियोलोजी) विषयको सैद्धान्तिक र व्यावहारिक सीप दिंदै आएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सिटिइभिटी)को सम्बन्धनमा शिक्षालयले मधेस प्रदेशका माविलाई विभिन्न विषयको पठनपाठनको स्वीकृति दिने गरेको छ। यसै अनुरूप

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# नेपाल र भारतबीच ऊर्जामा उपलब्धि, बङ्गलादेश बेच्न बाटो खुल्यो

–रमेश लम्साल

काठमाडौं, २० चैत/रासस

दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को फ्रेमवर्क र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक)को घोषणाभन्दा पनि माथि उठेर भारतले नेपालको बिजुली व्यापारका लागि मार्ग प्रशस्त गरेको छ।

वर्षाको समयमा खेर जाने बिजुली क्षेत्रीय बजारमा बिक्री गर्न नेपालले लामो समयदेखि प्रयास गरे पनि सफलता पाउन सकेको थिएन। प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका क्रममा 'भारत– नेपाल संयुक्त भिजन' जारी गर्दै ऊर्जा क्षेत्रमा एकापसमा सहयोग अभिवृद्धि गर्न दुवै देश सहमत भएका छन्। यसबाट नेपालको क्षेत्रीय बजारमा प्रवेश गर्ने लामो समयदेखिको चाहनाले मूर्त रूप पाउने भएको छ।

नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त भिजनलाई ऊर्जा क्षेत्रमा हालसम्मकै सबैभन्दा ठूलो उपलब्धिका रूपमा अर्थ्याउनु र त्यसमा सहमति जनाउनुले बढी भएको बिजुली सहजै भारत र बङ्गलादेशमा निर्यात गर्ने मार्ग प्रशस्त भएको छ।

संयुक्त भिजन नाम दिइएको उक्त सहमतिमा नेपालका केही ठूला आयोजना नेपाल र भारतको संयुक्त लगानीमा विकास गर्ने, अन्तर्देशीय प्रसारण लाइन निर्माण गर्ने, बजारको मागका आधारमा उपयुक्त पहुँच दिने उल्लेख छ। उपक्षेत्रीय सङ्गठनका रूपमा रहेको बिबिआइएनमा आबद्ध देशहरूलाई त्यसमा समेट्ने घोषणा आफैंमा महत्त्वपूर्ण छ।

भारतको पछिल्लो सहमतिले नेपालमा बढी भएको बिजुली खेर नजाने सुनिश्चितता बढेको छ। अब नेपालको बिजुली बङ्गलादेशको बजारसम्म पुग्छ भन्ने सुनिश्चितता भएको छ। भारतीय प्रधानमन्त्रीले हामी नेपालको बिजुली खरीद गर्छौं भनेर सार्वजनिक प्रतिबद्धता जनाउनु पनि अर्को महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ।

प्रधानमन्त्री देउवाको प्रतिनिधिमण्डलमा सहभागी ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसाल र उनका भारतीय समकक्षी राजकुमार सिंहबीच भएको साइडलाइन वार्ताले पनि नेपालको ऊर्जा क्षेत्रको विकासमा महत्त्वपूर्ण उपलब्धि हुन सकेको हो।



तस्वीरः रासस

गत कात्तिकदेखि नेपालले भारतीय अनुदानमा निर्माण भएका नुवाकोटका दुई आयोजनाबाट ३९ मेगावाट बिजुली निर्यात गरेको थियो। नेपालले एक्सचेन्ज मार्केटमा जान पाउने अनुमतिका लागि लामो समयदेखि माग गर्दै आएको थियो।

गत मनसुनमा मात्रै करीब ५०० मेगावाट बराबर बिजुली खेर गएको थियो। नेपाल विद्युत् प्राधिकरणको भनाइ मान्ने हो भने झन्डै रु पाँच अर्ब बराबरको बिजुली खेर गएको थियो। निजी क्षेत्रका आयोजनाबाट बिजुली लिनैपर्ने बाध्यताका कारण प्राधिकरणले आफ्ना विद्युत्गृह बन्द गर्ने वा कम उत्पादन गर्नुपर्ने अवस्थासमेत आएको थियो।

नेपालको बिजुली खरीद गर्छौं र बिबिआइएनमा आबद्ध देशमा समेत पहुँच दिन्छौं भन्ने भारतीय प्रधानमन्त्रीको घोषणाले आफूलाई हर्षित तुल्याएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इपान)का उपाध्यक्ष मोहन डाँगीको भनाइ छ। उनका अनुसार नेपालले लामो समयदेखि गर्दै आएको बिजुली निर्यातको प्रयासले सार्थकता पाएको छ। नेपालका निजी क्षेत्रले पनि अन्तर्राष्ट्रिय क्षेत्रमा बिजुली बिक्री गर्ने प्रयास गर्दै आएको छ।

नेपाल पावर एक्सचेन्ज लिमिटेड (नेपेक्स) मार्फत बिजुली बिक्रीका लागि प्रयास भइरहेको छ। यद्यपि नेपेक्सलाई बिजुली बिक्रीको अनुमति भने दिइसकिएको छैन।

भारतको पछिल्लो स्वीकार्यता तथा उच्च राजनीतिक नेतृत्वको प्रतिबद्धताले लामो समयदेखि बन्द भएको विद्युत् खरीद सम्झौता (पिपिए)का लागि समेत बाटो खुल्ने इपानको भनाइ छ। प्राधिकरणले विगत तीन वर्षदेखि पिपिए गरिरहेको छैन। यद्यपि अर्ध जलाशय र जलाशयुक्त आयोजनाको पिपिए भने रोकिएको थिएन।

बङ्गलादेशले नेपालबाट सन् २०४० सम्म नौ हजार मेगावाट बिजुली लैजाने यस अघि नै घोषणा गरिसकेको छ। विसं २०७५ भदौमा तत्कालीन ऊर्जा जलस्रोत तथा सिंचाइमन्त्री वर्षमान पुनले गरेको बङ्गलादेश भ्रमणका क्रममा नेपालको बिजुली आवश्यक रहेको बङ्गलादेशी अधिकारीको भनाइ थियो। बङ्गलादेशी राष्ट्रपति, प्रधानमन्त्री तथा ऊर्जा राज्यमन्त्रीको नेपाल भ्रमणको क्रममा समेत संयुक्त लगानीमा आयोजना निर्माण गर्न सकिने प्रतिबद्धता व्यक्त भएको थियो।

यस्तै २०७५ असोज २७ र २८ गते भारतको बैंगलोरमा सम्पन्न नेपाल र भारतका ऊर्जा सचिवस्तरीय बैठकमा समेत बङ्गलादेशसँग संयुक्तरूपमा छलफल गर्ने निर्णय भएको थियो।

नेपालको कुल क्षमता ८३ हजार मेगावाट बराबर भए पनि आर्थिक र सम्भाव्य मानिएको ४३ हजार मेगावाट बिजुली उत्पादन गर्दा त्यसको बजार खोज्न अब भौंतारिनुपर्दैन भन्ने सन्देश प्रधानमन्त्री देउवाको भारत भ्रमणका क्रममा प्रवाह भएको छ।

प्रसारण संयन्त्र निर्माण भएका चालू आवमा नै नेपालको प्रणालीमा एक हजार ३०० मेगावाट बराबर बिजुली थप हुन जान्छ। हाल प्रणालीमा दुई हजार १५० मेगावाट बराबर बिजुली उपलब्ध छ। यद्यपि हिउँदको समयमा नेपालमा सङ्कट नै छ।

दीर्घकालमा नेपालमा पनि खपत बढाउने र बिजुलीको क्षेत्रीय बजारको खोजी गर्ने सरकारको प्रयासले सार्थकता पाउन थालेको ऊर्जा उद्यमी प्रकाश दुलालको टिप्पणी छ। उनले प्रधानमन्त्रीको स्तरमा भएको घोषणा कार्यान्वयनमा आउने उल्लेख गर्दै अब नेपालको प्रशासनिक संयन्त्रले मिहीन तरीकाले मिहिनेत गरेकोमा बिजुली खेर जाने अवस्था अन्त्य हुने बताए।

दुई देशका उच्च राजनीतिक तहमा नै भएको सहमतिले बिजुली व्यापारको ढोका खुलेको जानकारी दिंदै उनले लामो समयदेखि रोकिएको पिपिएसमेत खुल्ने विश्वास व्यक्त गरे।

भारतले पहिलोपटक नेपालसँग जलस्रोत र ऊर्जाका विषयमा वार्ता गर्दा आपसी समानता र सम्मानका आधारमा गर्ने विषय उल्लेख गरेको छ। यस्तै, भूटान, बङ्गलादेश, भारत र नेपालमा आपसी सहकार्यको संरचना तयार पार्ने र विस्तार गर्ने उल्लेख गरेको छ। यसबाट नेपालको बिजुली बङ्गलादेशमा बिक्रीका लागि मार्ग प्रशस्त भएको अर्थमा लिन सकिन्छ।

भारतले आफ्नो प्रसारण प्रणाली प्रयोग गर्न सहमति नदिंदा नेपालको बिजुली बङ्गलादेश लैजाने मार्ग प्रशस्त हुन सकेको थिएन। माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको ५०० मेगावाट बिजुली बङ्गलादेश लैजाने सहमति यस अघि नै भइसकेको छ।

पछिल्लो सहमति अनुसार एक अर्का देशको प्रसारण प्रणालीमा एकरूपता ल्याउने, सीमापार अन्तर्देशीय प्रसारण लाइन निर्माण गर्ने, दुवै तर्फबाट बिजुलीको आयात तथा निर्यात गर्ने विषय समेटिएको छ। यसबाट असाध्यै ठूलो एवं सकारात्मक प्रभाव पर्ने ऊर्जा उद्यमीहरूको विश्वास छ।

प्राधिकरणका प्रवक्ता सुरेश भट्टराईले नेपालले भारतको एक्सचेन्ज मार्केटमा प्रवेशका लागि गरेको प्रयासका अलावा अन्य विषयमा पनि सहमति हुनु सुखद पक्ष भएको प्रतिक्रिया दिए।

प्रधानमन्त्री देउवाको भारत भ्रमणका क्रममा दुवै देशले संयुक्तरूपमा जारी गरेको ६ बुँदामा समेटिएको 'भिजन स्टेटमेन्ट' मा समानता, आपसी सम्मानका आधारमा एक देशले अर्को देशलाई विद्युत् क्षेत्रमा परस्पर सहयोग गर्ने उल्लेख छ। यो पनि अर्को महत्त्वपूर्ण विषय भएको जानकारहरूको भनाइ छ।

पछिल्लो सहमतिले सीमापार अन्तर्देशीय प्रसारण लाइन निर्माणका लागिसमेत मार्ग प्रशस्त भएको छ। हालै मात्र सरकारले दोस्रो अन्तर्देशीय प्रसारण लाइन न्यु बुटवल–गोखरपुर निर्माणका लागि प्राधिकरणलाई रु एक अर्ब बराबर लगानीका लागि स्वीकृति दिएको छ। कुल ४०० केभी क्षमताको सो प्रसारण लाइन १४० किलोमिटर लामो छ। नेपालतर्फ २० किलोमिटर र भारततर्फ १२० किलोमिटर लामो सो प्रसारण लाइनसमेत निकट भविष्यमा नै निर्माण शुरू हुनेछ।



**जग्गाको फस्टाउँदो व्यापार–** काठमाडौं, नगरकोटस्थित जङ्गल र पहाडको ढिस्को फोडेर जग्गा समथर बनाइँदै र खाल्डे जग्गामा माटो भर्दै निर्माण कन्स्ट्रक्शनका कामदारहरू। जग्गा कारोबारीले पहाडमा सस्तो मूल्यमा जमीन खरीद गरी समथर बनाइ महँगो मूल्यमा बिक्री गर्दै आएका छन्। तस्वीरः पङ्कज श्रेष्ठ

# जलवायु अनुकूलन र जैविक खेतीका लागि प्रोत्साहन गर्दै "नलेज पार्क"

–नारायण ढुङ्गाना

काठमाडौं, २० चैत/रासस

काभ्रेपलाञ्चोकका गाउँगाउँमा सञ्चालित ज्ञानोद्यान किसानको प्राविधिक सहयोगीको आधार बन्न सफल भएको छ। कृषि समूहका निश्चित क्षेत्रमा नमूनाका रूपमा सञ्चालित सो उद्यानकै कारण कृषि प्राविधिक खोज्ने झन्झट करीबकरीब हटेको छ।




तस्वीरः रासस

यसले किसानलाई रोग/कीरा कसरी व्यवस्थापन गर्ने, के औषधि राख्ने, प्राङ्गारिक बाली उत्पादन कसरी गर्ने र जलवायु परिवर्तन अनुकूलन खेती प्रणाली कसरी लगाउने भनेर ज्ञान दिएको छ जसले बाली उत्पादन बढेको र जैविक प्रविधिको प्रयोगले वातावरण संरक्षणमा सहयोग पुगेको छ।

"नलेज पार्कमा १०/१२ थरीका प्रविधि प्रयोगमार्फत कृषिसम्बन्धी ज्ञान लिइन्छ, अर्गानिक खेतीमा जान सहयोगी भएको छ, यो हाम्रा लागि भरपर्दो एक सिकाइ केन्द्रको हो"–नमोबुद्ध नगरपालिका –६, चरङ्केका भरतप्रसाद न्यौपानेले भने।

भकुन्डे कृषि उपज सङ्कलन केन्द्र र त्यस अन्तर्गत राधाकृष्ण कृषक समूह (दुवै संस्था) का अध्यक्ष न्यौपाने समूहमा मात्रै झन्डै २०० रोपनीमा तरकारी खेती हुँदै आएको सुनाउँछन्। त्यो तरकारी जैविक सरहकै उत्पादन हुने गर्छ।

विगतमा काभ्रेपलाञ्चोकका तरकारीमा बढी विषादि भयो भनेर आरोप लागेको थियो। यस सिकाइले बढ्दो विषादि रोक्न किसान सफल भएका छन्। किसानलाई जलवायु परिवर्तन अनुसार कसरी खेतीबाली लगाउने भन्ने सिकाइ पनि प्राप्त भएको छ।

उद्यानमा मोहनी पासो, सोली पासो, च्यापच्यापे पासो र बत्ती पासो थापेर कीराबाट तरकारी जोगाउन सकिन्छ। ट्रे र जालीमा बेर्ना उत्पादन, मलखाद, झोल मल र अमृत जल यही उद्यानमा उत्पादन हुन्छ। कसरी उत्पादन हुन्छ भन्ने कुरा किसान आफैंले अभ्यास गरेर थाहा पाउँछन्।

बिरुवा स्वस्थ बनाउन अमृत जल प्रयोग हुन्छ। तीस लिटर गाईको पिसाब, झन्डै दुई पाउ सख्खर, एक पाउ कोसेबालीको पीठो र ६० लिटर पानी मिसाएर घोलेपछि अमृत जल तयार हुन्छ। यसले बिरुवालाई स्वस्थ बनाएर प्रतिरोधात्मक क्षमता बढाउने न्यौपाने बताउँछन्। कीरा व्यवस्थापन गर्न लाइट पासो, सोली पासो र मोहनी पासो प्रयोग गरिन्छ।

त्यस्तै 'नलेज पार्क' नमोबुद्ध–२ कुँइकेल थुम्कामा इन्द्रबहादुर कुइँकेलको बारीमा पनि छ। उनले दुई रोपनी क्षेत्रमा उद्यान बनाएका छन्। बढ्दो विषादिका कारण मानिसको स्वास्थ्य बिग्रिरहेका बेला स्वस्थ शरीरका लागि दैनिक खाने तरकारी स्वस्थकर हुनैपर्छ। "त्यसैले आफैंले उत्पादन गरेर आफैंले खानुपर्छ, बढी भएकोमा अरूलाई पनि स्वस्थकर तरकारी खुवाउनुपर्छ भनेर अर्गानिक तरकारीमा जोड दिन थालेको छु"– कुँइकेल भन्छन्। ज्ञानोद्यानमार्फत अरूलाई पनि सिकाउने गरेको जानकारी दिंदै उनले थपे–"यस्तो प्रविधिको विकास देशैभरि हुनुपर्छ।" उनले यस्तो तरकारीलाई सिन्धुको ब्रान्ड बनाउन जोड दिए।

यहाँका किसानमा पछिल्ला समय जलवायु परिवर्तन अनुकूलन कृषि प्रणालीमा आकर्षण बढ्न थालेको छ। अहिले सुक्खा पखेरालाई हरियाली बनाउने तथा पाखोबारीमा परेको पानी जम्मा गरेर तरकारी खेती गरी हराभरा बनाएर मनग्य आम्दानीसमेत लिन थालिएको अर्का कृषक जमुना अधिकारी बताउँछन्। उनका अनुसार कुन बेला के तरकारी लगाउने, कस्तो बेला कुन रोग र कीरा लाग्छ, त्यसको उपचार के हुनेलगायत सन्देश मोबाइलमैं पठाइने हुँदा किसानलाई थप सजिलो भएको छ।

नगरपालिकाका प्रमुख टेकप्रसाद शर्मा तिमिल्सिना नगरलाई नै जैविक कृषि प्रणाली र वातावरणमैत्री प्रविधिका विकासमा जोड दिन थालिएको र त्यसमा यस्ता 'नलेज पार्क'ले ठूलो सहयोग गरेको सुनाउँछन्। उनले दक्षिण कोरियाको नगरपालिकासँग समन्वय गरेर कृषि अनुसन्धान केन्द्र विकास गर्न लागिएको पनि जानकारी दिए।

यसरी किसानलाई सिकाउनका लागि सिप्रेड भन्ने संस्थाले प्राविधिक सहयोग गरेको वरिष्ठ कृषि प्राविधिक रामदेव साहले बताए।

यसले किसानलाई नै सहभागी गराएर अभ्यास गराउने नयाँ तरीका अँगाल्दै आएको छ। अरूले भनेको कुरा भन्दा आफैंले गरेर अनुभव लिंदा चाँडै विश्वास हुने भएकोले व्यावहारिकरूपमा तरकारी फलाएरै अध्ययन अनुसन्धान र अभ्यास गरिने साहको भनाइ छ। उनका अनुसार अभ्यासमा एकीकृत कीट व्यवस्था(आइपिएम) उपकरण प्रयोग हुन्छ। विषादि नभई घरेलु जैविक विषादि र मलको अधिकतम उपयोग हुन्छ।

नमोबुद्धका ३६ ठाउँ छनोट गरेर गरिएको अभ्यास सफल भएको छ। गाउँगाउँमा माटो, सिमेन्ट र बालुवा मिसाएर पानी पोखरी बनाइएको छ, जुन पानी तरकारीमा सिंचाइका लागि प्रयोग हुन्छ। यसले पानी नभएको सुख्खा डाँडा

(बाँकी चौथो पातामा)

# मधेस प्रदेशमा सत्तारूढ दल तालमेल गर्ने तयारीमा

जनकपुर, २० चैत/रासस

सत्तारूढ गठबन्ध आबद्ध दलले मधेस प्रदेशमा चुनावी तालमेल गर्ने तयारी शुरू गरेको छ।

आसन्न स्थानीय तह निर्वाचनमा तालमेल गर्ने तयारीस्वरूप सत्तारूढ दलको मधेस प्रदेशस्तरीय बैठक आज बस्न लागेको छ।

चुनावी तालमेलका विषयमा छलफल गर्न जनकपुरधामस्थित नेपाली काङ्ग्रेसको प्रदेश कार्यालयमा आज बैठक बस्न लागेको जनता समाजवादी पार्टी मधेस प्रदेशका अध्यक्ष रामबाबू यादवले जानकारी दिए। बैठकमा सत्ता गठबन्धनमा आबद्ध जसपासहित नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीका प्रदेश अध्यक्ष तथा केही शीर्ष नेता सहभागी हुने अध्यक्ष यादवले बताएका छन्।

बैठकमा तालमेल कसरी गर्ने, कुन स्थानीय तहमा कुन पार्टीले उम्मेदवारी दिनेलगायत विषयमा छलफल हुने जनाइएको छ। वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा गठबन्धन गर्ने निर्णय सत्ता गठबन्धनले गरिसकेको छ। सो निर्णयपछि मधेस प्रदेशमा सत्ता गठबन्धनमा आबद्ध दलले छलफल अगाडि बढाएको छ। मधेस प्रदेशमा एक महानगरपालिकासहित १३६ स्थानीय तह छन्।

# विश्वभर झन्डै आधा गर्भाधारण अनिच्छित, विश्वव्यापी सङ्कट : युएनएफपिए

काठमाडौं, २० चैत/रासस

संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए)ले विश्वभर झन्डै आधा गर्भाधारण अनिच्छित हुने गरेको निष्कर्षसहितको प्रतिवेदन सार्वजनिक गरेको छ।

'स्टेट अफ वर्ल्ड पपुलेशन २०२२' नामक गत हप्ता सार्वजनिक प्रतिवेदनमा विश्वमा प्रत्येक वर्ष १२ करोड १० लाख महिला तथा किशोरी गर्भाधारणको इच्छा नहुँदा नहुँदै गर्भवती हुन बाध्य भइरहेको जनाउँदै युएनएफपिएले यसलाई विश्वव्यापी सङ्कट भनेको छ। उसले हरेक वर्ष विश्व जनसङ्ख्या स्थितिसम्बन्धी प्रतिवेदन सार्वजनिक गर्दै आएको छ।

प्रतिवेदन अनुसार गर्भाधारणबाट प्रभावित महिला तथा किशोरीका लागि गर्भवती हुने वा नहुने छनोट गर्ने विकल्प नै छैन। आफ्नो जीवन नै परिवर्तन गरिदिने गर्भाधारणजस्तो अवस्था पनि उनीहरूको पहुँचभन्दा बाहिर देखिएको छ, संयुक्त राष्ट्रसङ्घको यौनिक तथा प्रजनन स्वास्थ्यसम्बन्धी संस्था युएनएफपिएद्वारा जारी प्रतिवेदनमा उल्लेख छ।

सन् २०२२ को प्रतिवेदन अनिच्छित गर्भाधारणको विषयमा केन्द्रित छ। 'सिइङ द अनसिन : द केश फर एक्शन इन द नेग्लेक्टेड क्राइसिस अफ अनइन्टेन्डेड प्रिग्नेन्सी' शीर्षक दिइएको यस वर्षको सो प्रतिवेदनले मानव अधिकारको क्षेत्रमा देखिएको यस्तो सङ्कटले समुदाय, महिला तथा किशोरी र विश्व स्वास्थ्यमा गम्भीर परिणाम निम्त्याउने चेतावनी दिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सन् २०१७ को तथ्याङ्क अनुसार नेपालमा अनुमानित १२ लाख गर्भधारणमध्ये झन्डै आधा अनिच्छित थियो। यसमध्ये करीब तीन लाख ५९ हजारले गर्भपतन गराए। नेपालमा कानूनी मान्यता प्राप्त गरेको गर्भपतनले मातृ मृत्युदर घटाउन महत्त्वपूर्ण योगदान गरे तापनि अधिकांश गर्भपतन अहिले पनि अदक्ष सेवा प्रदायक वा गर्भवती महिला आफैंले औषधि वा अन्य साधन प्रयोग गरी गर्ने गरेका छन्।

सुरक्षित गर्भपतन सेवाका लागि अझै धेरै महिला तथा किशोरीले उल्लेखनीय संरचनात्मक तथा अनौपचारिक बाधा व्यवधानको सामना गर्नुपरिरहेको छ। "यो प्रतिवेदन एउटा 'वेकअप कल' हो। अनिच्छित गर्भाधारणमा देखिएको यस्तो अप्रत्याशित सङ्ख्याले महिला तथा किशोरीको सामान्य मानव अधिकार प्रवर्द्धनमा विश्व समुदायको असफलताको प्रतिनिधित्व गर्छ"–युएनएफपिएका कार्यकारी निर्देशक डा नतालिया कनेम भन्छिन्–"गर्भाधारणबारे आधारभूत निर्णय गर्ने शक्ति महिला तथा किशोरीकै हातमा सुम्पिएर मात्र समाजले महिला तथा किशोरीका लागि मातृत्व अपरिहार्यता नभएर, चाहना भएको सुनिश्चित गर्न सक्छ।"

प्रतिवेदनमा विश्वमा गर्भाधारणको चाहना नभएर पनि अनुमानित २५ करोड ७० लाख महिला परिवार नियोजनका सुरक्षित र आधुनिक तरीका प्रयोग गर्दैनन् भन्ने उल्लेख छ। "यसका साथै तथ्याङ्क उपलब्ध भएका ठाउँमा झन्डै एक चौथाई विवाहिता महिला यौन प्रस्ताव नकार्न सक्दैनन्। अनिच्छित गर्भाधारणलाई महिलाको व्यक्तिगत असफलता मात्र भन्न मिल्दैन, यो त समाजले उनीहरूलाई आफ्नै शरीरमाथिको अधिकारमा दिनुपर्ने स्वायत्तताको अभाव वा समाजले थोपर्ने विभेदकारी मूल्य–मान्यताका कारणले गर्दा भएको हुन सक्छ। दिगो विकासका लक्ष्य २०३० ले महिलाको आफ्नो शरीरमाथिको स्वायत्तता र लैङ्गिक समानताका साथै यौन सम्बन्ध, परिवार नियोजनका सामग्री र प्रजनन स्वास्थ्य सेवाबारे जानकारीसहित आफैंले निर्णय गर्न सक्ने महिलाको क्षमताको पहिचान गर्छ जब गर्भाधारणको आधा सङ्ख्या आफ्नो इच्छाबमोजिम हुँदैन, यसले हामीलाई महिलाको प्रजनन स्वतन्त्रताप्रति उपेक्षित अवस्थाको डरलाग्दो तस्वीर देखाइदिन्छ"–प्रतिवेदनमा भनिएको छ।

प्रतिवेदनले अनिच्छित गर्भाधारणको सङ्ख्या, लैङ्गिक असमानता, कमजोर सामाजिक आर्थिक विकास र महिलाको यौन तथा प्रजनन अधिकारमाथिको अवरोधसँग गम्भीररूपमा अन्तर्सम्बन्धित रहेको उजागर गर्छ"–प्रतिवेदन सार्वजनिक गर्दै कार्यकारी निर्देशक डा कनेमले भनिन्–"अनिच्छित गर्भाधारणले स्वास्थ्य प्रणालीमा अर्बौं डलरको भार पार्नुका साथै भावी सन्ततिका लागि समेत अझ खराब परिणाम निम्त्याउँछ।" नेपालमा अधिकांश अनिच्छित गर्भधारण परिवार नियोजनका आधुनिक सामग्रीको अपरिपूर्त (पूरा हुन नसकेको) मागको परिणाम हो। गर्भाधारण गर्न नचाहने लगभग ४४ प्रतिशत प्रजनन उमेर (१५ देखि ४९ वर्ष)का महिला परिवार नियोजनका आधुनिक विधि प्रयोग गरिरहेका छैनन्। परिवार नियोजनको सेवा विस्तारले महिला तथा उनीहरूको परिवारलाई फाइदा गर्छ। भनिन्छ, परिवार नियोजनको सेवा विस्तारमा खर्च भएको प्रत्येक अतिरिक्त डलरबापत नेपालले मातृ तथा नवजात शिशु स्वास्थ्य क्षेत्रमा दुई डलर बचाउँछ।

"नेपाल सरकारका सामुन्ने महिलाको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको रक्षा तथा परिपूर्ति गर्नुपर्ने दायित्व छ। यसो भन्नुको अर्थ महिलाका लागि छनोटको विकल्पसहितको परिवार नियोजनका सामग्रीको आधुनिक विधिमा महिलाको पहुँच सुनिश्चित गराउनु हो"–युएनएफपिएका नेपाल प्रतिनिधि लुब्ना बाकीले भन्छिन्–"यद्यपि नेपाल अहिले पनि परिवार नियोजनका सामग्रीका लागि सहयोग प्राप्त गर्न युएनएफपिएलगायत बाह्य विकास साझेदारहरूमा निर्भर छ। परिवार नियोजनका सामग्रीले जीवन बचाउँछ र अब नेपालको संविधान र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनले गरेको व्यवस्थाबमोजिम सरकारले आधारभूत मानव अधिकार प्रत्याभूत गर्न आवश्यक बजेट छुट्याउने समय भएको छ।"

"नेपालमा जन्मदर घटेका कारण परिवार नियोजनमा लगानी गर्न अब आवश्यक छैन भन्ने केही नीति–निर्मातामा रहेको धारणा निकै चिन्तित बनाउने किसिमको छ। किनकि यसले उच्च विन्दुमा रहेको परिवार नियोजनको अपरिपूर्त (पूरा हुन नसकेको) माग, उच्च सङ्ख्यामा रहेको अनिच्छित गर्भाधारण र असुरक्षित गर्भपतनलाई सम्बोधन गर्दैन। परिवार नियोजन सामग्रीको अपरिपूर्त माग अहिले २४ प्रतिशत छ र यी सबै अवस्थाको मूल कारण सेवा प्रवाहमा रहेको कमी नै हो। विपन्न तथा पछाडि पारिएका समूहका महिला तथा किशोरीको अवस्था अझ नाजुक छ"–उनले भनिन्।

अझ विशेषगरी किशोरीको अवस्था जोखिमपूर्ण छ। नेपालमा बालविवाह अझै पनि उच्च छ। झन्डै ४१ प्रतिशत किशोरीको विवाह १८ वर्ष अगावै भएको छ। किशोरावस्थामा गर्भधारण गरेका किशोरीमध्ये आधा गर्भधारण अनिच्छित छ। यसको मुख्य कारण विवाहिता किशोरीमा परिवार नियोजनका सामग्री प्रयोग गर्नेको सङ्ख्या २३ प्रतिशत मात्र छ। जबकि राष्ट्रिय औसत परिवार नियोजनका सामग्री प्रयोग गर्ने महिलाको सम्पूर्ण सङ्ख्या ४३ प्रतिशत छ। विवाहिता किशोरी बच्चा पाउने पारिवारिक दबाबका कारण प्रायः कम उमेरमैं आमा बन्छन्। यसले उनीहरू र उनका बच्चालाई उल्लेखनीयरूपमा मृत्यु वा क्षतिको जोखिममा पुऱ्याइदिन्छ। गर्नुपर्ने जिम्मेवारी यो प्रतिवेदनले शान्तिको समय र सङ्कटका बीच महिला तथा किशोरीका अधिकांश आधारभूत अधिकार कति सजिलै निष्क्रिय तुल्याइन्छन् भन्ने देखाउँछ।

प्रतिवेदनले निर्णयकर्ता र स्वास्थ्य संरचनालाई परिवार नियोजनका सामग्रीको पहुँच, स्वीकार्यता, गुण र विविधतामा सुधार गरी अनिच्छित गर्भधारणको रोकथाम प्राथमिकतामा राख्न र गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवा र सूचनामा व्यापक विस्तार गर्न आह्वान गरेको छ।

प्रतिवेदनले महिला तथा किशोरीलाई यौन, परिवार नियोजनका सामग्री र मातृत्वका सम्बन्धमा साहसिक निर्णय लिन सक्ने बनाउन तथा महिला तथा किशोरीको महत्त्व चिन्न सक्ने समाजको प्रवर्द्धन गर्न नीति निर्माता, समुदायको नेतृत्व र सम्पूर्ण व्यक्तिलाई अपिल गरेको छ। साथै उनीहरूले त्यसो गरे भने महिला तथा किशोरी समाजमा पूर्ण योगदान गर्न सक्षम हुनेछन् र उनीहरूसँग आफ्नै चाहनाबमोजिम बच्चा पाउने वा नपाउने आधारभूत छनोट गर्न सक्ने सीप, सूचना र शक्ति हुने प्रतिवेदनले औंल्याएको छ।

## जलवायु ..........

हरियो बनाएको छ। थोरै पानीले पनि धेरै उत्पादन गर्न सकिने कुरा किसानले आफैं अभ्यास गरेपछि थाहा पाएका छन्। यसको अरूले समेत सिको गर्न थालेका छन्।

'नलेज पार्क' मा वातावरणमैत्री प्रविधि प्रयोग गरिने र त्यसबाट जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण र अनुकूलन गर्न सहयोग हुने हुँदा बाली उत्पादन बढाई खाद्य सुरक्षामा सुधार गर्न सहयोग पुग्ने यहाँका किसानलाई प्राविधिक सहयोग गर्दै आएको वातावरण तथा कृषि नीति अनुसन्धान, प्रसार एवं विकास केन्द्र (सिप्रेड) का कार्यकारी निर्देशक केशवदत्त जोशी बताउँछन्। उनका अनुसार जलवायु अनुकूलन प्रविधि भनेको समयसापेक्ष र व्यावहारिक क्रियाकलापबाट सिद्ध भएका प्रविधि हुन्। यी प्रविधि वतावरणमैत्री, सामाजिकरूपमा दिगो, कृषककै अनुभव र क्षमतामा विकसित, परिमार्जित र प्रमाणित भएका हुन्छन्।

यी प्रविधि सामान्य र आर्थिक हिसाबले पनि सहज उपलब्ध हुन्छन्। त्यस्ता प्रमाणित प्रविधि प्राकृतिक स्रोत– साधनमा आधारित, प्राकृतिक वस्तुको उपयोग र पुनः प्रयोगमा आधारित हुन्छन्। यी सबै वातावरणमैत्री प्रविधि ज्ञानोद्यानमा प्रदर्शन गरिएका हुन्छन् जहाँबाट अन्य कृषक तथा समुदायले यस्ता प्रविधि प्रयोग गर्ने तरीका सिकेर कृषि क्षेत्रमा प्रवर्द्धन गरी वातावरण अनुकूलन बनाउन सहयोग पुग्छ।

गाउँमा यतिबेला काउली, बन्दा, केराउ, लसुन, प्याज, धनियाँलगायत २२ भन्दा बढी प्रकारका तरकारी लहलह भएका छन्। "पहिले त्यही पाखामा गहुँ, कोदो, मकै लगाएर न्यून आम्दानी गरिन्थ्यो, अरू बेला सुक्खा हुने पाखा बाह्रै महीना हराभरा हुन थालेको छ, बजारको राम्रो व्यवस्थापन हुन सके युवा विदेशिनुपर्दैन"–कुइँकेल थुम्कास्थित नारायणस्थान महिला कृषक समूहका अध्यक्ष अधिकारी भन्छन्।

जैविक मल प्रयोग गरी प्राङ्गारिक उत्पादनतर्फ किसान लागेपछि, गाउँभरि नै मौरी भुनभुनाउन थालेको छ। कृषकका बारीमा नै मौरीको गोलो आएर बसेको भेटियो। मौरी आउनु भनेको वातावरण स्वस्थकर भएको सूचक हो।

**यस्तो छ प्रविधि**

ज्ञानोद्यानमा एउटै किसानले २२ थरीसम्म तरकारी लगाएर सिकाउँदै आएका छन्। कीरा व्यवस्थापनका लागि विभिन्न प्रविधि प्रयोग गरिएको छ जसले गर्दा विषादि प्रयोगसमेत न्यूनीकरण हुनाका साथै जैविक विषादिमा जोड दिन थालिएको छ। आफैंले अभ्यास गरेर किसानले सीप सिक्न सक्ने उक्त उद्यान किसानको प्राविधिक सहयोगी नै बनेको छ।

सोली पासो तल बन्द भाँडो राखिएको हुन्छ। त्यसभित्र पोथीको बास्ना आउने गरी 'स्पोडो ल्यूर' रसायन राखिएको हुन्छ। काउलीको पात खाने शत्रुजीव भाले पुतली नियन्त्रण तथा व्यवस्थापनका लागि यसको प्रयोग हुन्छ। त्यसको बास्नाले 'मोहनी पासो' मा आएर बस्छ, अनि सोली भित्र पसेर तल झर्छ, त्यसपछि बाहिर निस्किन पाउँदैन जसले गर्दा तरकारी जोगिन मदत गर्छ।

च्यापच्याप्पे पासो– यो नीलो रङमा आकर्षित हुने कीराको नियन्त्रण तथा व्यवस्थापनका लागि प्रयोग गरिन्छ। त्यहाँ कीरा आएर बस्छ र टाँसिन्छ, जसले तरकारी नष्ट हुन पाउँदैन।

बत्ती पासो– राति उड्ने कीरा बत्तीमा आकर्षित हुने भएकाले यसको नियन्त्रण र व्यवस्थापनका लागि यो प्रयोग हुन्छ। राति १० बजेसम्म शत्रुजीव कीराको चलखेल हुन्छ, तिनीहरू उज्यालो खोज्न आउँछन्। एउटा बाटामा पानी हुन्छ, छेउमा बत्ती बालिएको हुन्छ, त्यहाँ आएर कीरा पस्छ। राति १० बजेपछि मित्रजीव आउने हुँदा त्यस बेला भने निभाइन्छ जसले तरकारी खान आएको कीरा त्यही पानीमा परेर नष्ट हुन्छ र बाली जोगिन्छ।

ब्याकुल्यूर पासो – यो लहरेबालीमा लाग्ने औंसा कीरा नियन्त्रण गर्नाका साथै मालाथियन नामक घातक विषादिको प्रयोग घटाउन सहयोग गर्छ।

यस्ता दर्जनौं प्रविधि प्रयोग गरी एकातिर जलवायु अनुकूलन खेतीबाली लगाइएको छ भने अर्कोतिर जैविक विषादिको भरपूर प्रयोग गरी रासायनिक विषादि न्यूनीकरण गरिएको छ जसले तरकारी उत्पादन बढेको र स्वस्थकर भएको स्वयं किसानको अनुभव छ।

यी सबै जलवायु अनुकूलन कृषि समाधान कार्यक्रम (आरएनएस) को एउटा नमूना ज्ञान केन्द्र हो।

पहिले त्यही ठाउँमा काउली रोपिन्थ्यो, भरपुर विषादि हालिएको हुन्थ्यो। काउली चाहिं बजार लाने तर विषादि हालेको भएकोले "पात भने भैंसीलाई खान दिनुहुन्न" है भनेर परिवारका सदस्यलाई अर्थ्याइन्थ्यो। अहिले दैनिकी फेरिएर तरकारी टिप्नु १०/१५ दिन अघिदेखि नै सकेसम्म घरेलु विषादि प्रयोग हुन्छ, नभए बाह्य विषादि करीबकरीब हाल्न छाडिएको छ। समूहले निगरानी गर्ने भएकाले किसानहरू कडा विषादि प्रयोगमा निरुत्साहित भएका छन्। "अब त तरकारी टिप्नेबित्तिकै ढुक्कसँग खान सकिन्छ, त्यसैले अहिले बजारमा पनि यहाँ उत्पादित तरकारीको खोजी हुन्छ"–भकुन्डे कृषि उपज सङ्कलन केन्द्रका अध्यक्ष भरतप्रसाद न्यौपाने आफ्नो अनुभव सुनाउँछन्।

उनका अनुसार सो कृषि सङ्कलन केन्द्रमा दैनिक सातदेखि आठ सय किलोसम्म तरकारी जम्मा हुन्छ। कहिलेकाहीं दुई हजार किलो सङ्कलन गरेर पनि बजार पठाउने गरिएको छ। उनको आफ्नो निजी १५ रोपनीमा तरकारी खेती छ। "बाह्रै महीना तरकारी फलाउँछु, एउटा असारमा धान रोप्छौं, नत्र तरकारी/तरकारी हो"–उनले भने। उनी वार्षिक कम्तिमा रु ६ लाख कमाइगर्दै आएका छन्।

सिकाइ केन्द्रले विषादि न्यूनीकरण गर्न सिकाएको छ। त्यसैकारण उत्पादन वृद्धि भएको तथा बजारमा पनि माग बढिरहेको स्वयं किसान सुनाउँछन्। मुख्यतः यहाँ सिंचाइ समस्या छ। किसानहरूले परेको पानी जम्मा गर्ने तथा बढी भएको खानेपानी र हातगोडा, भाँडा माझेको पानी जम्मा गरेर तरकारी फलाउँदै आएका छन्।

उनीहरू खोलाघारीतिरै पाइने बकाइनु, टिम्मुर, क्यात्तुके, धुर्सुल, तितेपातीबाट झोल मल बनाएर प्रयोग गर्छन्। झोल मल १, २ र ३ नामका बनाइन्छ। झोल मल ३ ले भने कीराले खान नसक्ने भई चुप लागेर बस्ने अवस्थामा पुऱ्याउँछ, जसले बालीलाई हानि हुँदैन। झोल मल १ र २ भने मलकै रूपमा प्रयोग हुन्छ।

सिप्रेडका वरिष्ठ कृषि प्राविधिक साह काभ्रेका नमोबुद्ध, धुलिखेल, बनेपा र पाँचखाल तथा डडेलधुरा, रसुवा र सुर्खेतका किसानलाई नलेज पार्कमार्फत जलवायु परिवर्तन अनुकूलन अभ्यास गराइएको बताउँछन्। नमोबुद्धमा मात्रै ८०० किसान सहभागी छन्। जहाँ पानी छैन, कृषि उत्पादन असहज छ, त्यहाँ त्यस्तो कार्यक्रम गरेर डाँडापाखा हरियो पारिएको छ। नगरपालिकाको सहयोगमा समेत त्यस्ता सिकाइ केन्द्र विस्तार गर्न थालिएको छ।

## फरक समाचार

### ब्रिटेनमा कोरोनाको नयाँ म्युटेन्ट भेटियो

ब्रिटेनमा कोरोनाको नयाँ म्युटेन्ट पाइएको छ। यसलाई एक्सई नाम दिइएको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार यो बिए.२ सबलाइनेजको तुलनामा बढी सञ्चरित हुन सक्छ।



डबलुएचओले भनेको छ, एक्सई रिकाम्बिनेन्ट (बिए.१–बिए.२), ब्रिटेनमा पहिलोपटक १९ जनवरीमा पाइएको थियो। त्यस बेलादेखि यसको ६ सय सिक्वेन्स जानकारीमा आइसकेको छ।

शुरूआती दिनको अनुमान अनुसार बी.२ को तुलनामा यो १० प्रतिशत सामुदायिक विकास दरको सङ्केत दिन्छ। यद्यपि यस निष्कर्षलाई स्थापित गर्नको लागि पुष्टिको आवश्यकता पर्नेछ। एक्सईलाई ओमिक्रोन भेरिएन्टसँग सम्बन्धित मानिंदैछ, जबसम्म सञ्चरण, रोग विशेषतामा महत्त्वपूर्ण अन्तर र गम्भीरतासहित अन्य जानकारी सामुन्ने आउँदैन।

**कोभिडको चौथो लहरमा दाँतलाई खतरा**

तेस्रो लहरपछि कोरोना महामारी समाप्त भएको छैन बरु बिस्तारैबिस्तारै यो फैलिंदैछ। युरोप र एशियाका देशहरूमा यसको मामिला बढिरहेको छ। वैज्ञानिकले आशङ्का गरेका छन् कि अन्य ठूला मुलुकमा पनि कोरोनाको चौथो लहर आउन सक्छ।

कोरोना भाइरस मुख्यरूपले सासको बिमारी हो जसले फोक्सोलाई क्षति पुऱ्याउँछ। यसमा तीव्र ज्वरो, खोकी, घाँटी खसखसाउने गर्छ तर अब यो भाइरस शरीरको अन्य भागमा पनि प्रभाव पार्दैछ। विज्ञका अनुसार कोभिड–१९ दाँत र गिजालाई नोक्सान पुऱ्याउँदैछ जसको लक्षणलाई कोभिड टीथ नाम दिइएको छ। कोरोनाको चौथो लहरभन्दा पहिले यसको लक्षण बुझ्नुपर्छ।

एउटा रिसर्च अनुसार कोरोना भाइरसको लक्षण र दाँतको स्वास्थ्यबीच गहिरो सम्बन्ध छ। वैज्ञानिकको दाबी छ कि कोभिड–१९ ले दाँतको स्वास्थ्यमाथि असर पार्न सक्छ। कोरोनाबाट पीडित ७५ प्रतिशत रोगीमा दाँतको समस्या देखिएको छ।

कोरोना भाइरसको लक्षणमाथि भएको ५४ वटा अध्ययनको रिपोर्टमा यस गम्भीर रोगको मुख्य १२ लक्षणमध्ये मुखसँग सम्बन्धित सङ्केत थिएन। यसमा ज्वरो (८१. प्रतिशत), खोकी (५८.५ प्रतिशत) र थकान (३८.५ प्रतिशत) सबैभन्दा साधारण चिह्न थियो।

कोरोना भाइरसको केही लक्षण मुखमा त्यति बेला देखिन्छ जब यस भाइरसको असर दाँतको स्वास्थ्यमाथि पर्छ। यस्तो सङ्केतलाई बेवास्ता गर्नुहुँदैन र तुरुन्त चिकित्सकलाई देखाउनुपर्छ।

१) गिजा दुख्ने, २) बङ्गारा वा दाँत दुख्ने, ३) गिजामा रगतको थक्का जम्ने, ४) ज्वरो, ५) खोकी, ६) थकान यसको लक्षण हो।

**कोभिड टिथको उपचारः** दाँत वा गिजा दुख्दा दिनचर्या नै प्रभावित हुन्छ। तसर्थ समयमैं यसको उपचार गराउनुपर्छ। दुखाइ कम गर्न एसिटामिनोफेनको सट्टा चार सय मिलिग्राम इबुप्रोफेन लिंदा असरदार हुन सक्छ। यद्यपि कुनै पनि औषधि चित्सिकको सल्लाह अनुसार नै सेवन गर्नुपर्छ।

### केटाभन्दा केटीमाथि सामाजिक सञ्जालको बढी असर

युवामा सामाजिक मिडियाको निकै क्रेज हुन्छ। यद्यपि यसको बढी प्रयोगले युवाको स्वास्थ्यमाथि पनि प्रभाव पार्छ। सामाजिक मिडियाले युवामाथि पार्ने असरलाई लिएर अनुसन्धान गरिएको थियो।

सामाजिक सञ्जालले भिन्दाभिन्दै उमेरका केटा र केटीलाई प्रभावित गर्छ। द गार्जियनको रिपोर्ट अनुसार शोधमा मनोवैज्ञानिकहरूले यो कुरा पत्ता लगाउन



११ देखि १३ वर्ष उमेरका केटीहरूमाथि अध्ययन गरेका थिए। यी उमेर वर्गका किशोरीहरू बढी समय सामाजिक सञ्जालमा बिताउँथे। एक वर्षपछि उनीहरू आफ्नो जिन्दगीदेखि कम सन्तुष्ट देखिए। त्यस्तै केटाहरूमा सामाजिक सञ्जालको प्रभाव १४ देखि १५ वर्षको बीच थियो। शोधकर्ताले सामाजिक मिडियाको प्रभाव अन्य उमेरमा कुनै सम्बन्ध पाएनन्। यद्यपि १९ वर्षको उमेरमा केटा र केटीहरूको सन्तुष्टिमा गिरावट आएको थियो।

**हरेक कक्षामा पाँचजना बच्चा प्रभावितः** मनोवैज्ञानिक र क्याम्ब्रिज विश्वविद्यालयका शोधका लेखक डा एमी ओरबेनलले भनिन्–केटा र केटीको केही निश्चित उमेर हुन्छ, जब सोसल मिडियाले उनीहरूको जीवनलाई प्रभावित गर्छ। सोसल मिडियाले युवामा मानसिक स्वास्थ्य समस्याको स्तर बढाउनेबारे शोधकर्ताहरूले अध्ययन गरेका थिए। चैरिटी यङ्ग माइन्ड्स अनुसार मानसिक स्वास्थ्य समस्या भएका ५ देखि १६ वर्ष आयु भएका बच्चाको सङ्ख्यामा सन् २०१७ देखि २०२१ को बीच ५० प्रतिशतको वृद्धि भएको थियो। यस अनुसार यस समस्याबाट हरेक कक्षामा लगभग पाँचजना बालबालिका प्रभावित हुन्छन्।

डा एमी ओरबन र उनका सहयोगीले १० देखि ८० वर्ष उमेरका ८४ हजार ब्रिटिश व्यक्तिको तथ्याङ्क विश्लेषण गरे। सामाजिक मिडियाको प्रयोगबाट उनीहरूको मानसिक स्वास्थ्यमाथि कस्तो प्रभाव पऱ्यो यसबारे अनुसन्धान गरेका थिए। नेचर कम्युनिकेशन्समा प्रकाशित शोधले यो साबित गर्दैन कि सामाजिक सञ्जालले स्वास्थ्यलाई नोक्सान पुऱ्याउँछ तर शोधकर्ताहरूलाई शङ्का छ यो केही हदसम्म केटा र केटीलाई अलग–अलग उमेरमा प्रभावित गर्न सक्छ।

प्रोफेसर यवोन केलीका अनुसार शोधको नतीजाले पत्ता लगाएको छ सामाजिक मिडियामा बढी समय बिताउँदा केटीहरूमा डिप्रेशनको समस्या बढेको छ। यसको साथै उनीहरूलाई निद्राको पनि समस्या हुन थालेको छ। मनोवैज्ञानिक प्रोफेसर सारा–जेने ब्लेकमोरको भनाइ छ जब बच्चा सामाजिक सञ्जालको प्रयोग गर्छन् उनीहरूको लागि नियम बनाउन सजिलो हुन्छ, जसबाट उनीहरूको निद्रा निबिग्रोस्। यसको लागि बच्चाहरूलाई सानै उमेरदेखि सोसल मिडियाबारे जागरूक गराउनुपर्छ। ग्लासगो युनिभर्सिटीका मनोवैज्ञानिक डा होली स्कटले भने शोधले नयाँ प्रमाण दिएको छ कि केटा र केटीमाथि सोसल मिडियाको नराम्रो असर अलग–अलग उमेरमा पर्छ। केटाको तुलनामा केटीहरूमाथि सोसल मिडियाको असर बढी पर्छ।


– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## पाकिस्तानी राष्ट्रपतिद्वारा संसद् विघटन

इस्लामाबाद, २० चैत/एएनआई

पाकिस्तानका राष्ट्रपति अरिफ अल्भीले संसद् विघटनको प्रस्ताव सदर गरेका छन्।



पाकिस्तानका राष्ट्रपति अरिफ अल्भी। तस्वीरः एपी

प्रधानमन्त्री इमरान खानको प्रस्तावलाई उनले आइतवार सदर गरेसँगै पाकिस्तानी संसद् विघटन भएको छ।

संसद् विघटनसँगै उनले आगामी ९० दिनभित्र निर्वाचन गर्ने घोषणा पनि गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

प्रधानमन्त्री खानले संसद्मा आफूविरुद्ध अविश्वास प्रस्ताव पेश गर्न उपसभामुखले अस्वीकार गरेको केही बेरमैं संसद् विघटनको सिफारिश गरेका हुन्।

विपक्षी दलहरूले काम गर्न नदिएकाले अहिलेको संसद् विघटन गरेर निर्वाचनमा जान लागिएको उनले स्पष्ट पारे।

पाकिस्तानमा लामो समयदेखि विपक्षी दलहरूले प्रधानमन्त्री खान र उनी नेतृत्वको सरकारविरुद्ध आन्दोलन गर्दै आएका थिए।

राष्ट्रका नाममा सम्बोधन गर्दै उनले निर्वाचनका लागि तयारी अवस्थामा रहन आम नागरिकलाई आह्वान पनि गरेका छन्। विपक्षले आफूविरुद्ध गरेको अविश्वास प्रस्तावको विरोध गर्दै उनले यसलाई देशमाथि गरिएको 'धोका' को संज्ञा दिएका थिए।

प्रधानमन्त्री खानले निडर भएर स्वतन्त्र र लोकतान्त्रिक पाकिस्तानका लागि लडाइँ जारी राख्ने बताएका छन्।

उनले पाकिस्तानका युवालाई बाह्य शक्तिहरूले गरेको षड्यन्त्रविरुद्ध आन्दोलन गर्न र आवाज उठाउन भन्दै आफू अन्तिमसम्म सत्यको पक्षमा लडिरहने बताएका छन्।

खानले प्रतिपक्षी दलका नेताहरूले लगाएको आरोप जनमतद्वारा खारेज गर्ने चेतावनी पनि दिएका छन्। रासस

## कफ्र्यू उल्लङ्घन गरेको आरोपमा ६६४ जना पक्राउ

कोलम्बो, २० चैत/सिन्हवा

श्रीलङ्कामा सरकारले लागू गरेको कफ्र्यू उल्लङ्घन गरेको आरोपमा कम्तीमा ६६४ जनालाई गिरफ्तार गरिएको छ।



तस्वीरः सिन्हवा

स्थानीय समय अनुसार शनिवार राति १० बजेदेखि आइतवार बिहान ६ बजेको बीच देशको पश्चिमी प्रान्तबाट उनीहरूलाई गिरफ्तार गरिएको हो।

सरकारले शनिवार बेलुका ६ बजेदेखि ३६ घण्टे कफ्र्यू आदेश जारी गरेको छ। कफ्र्यू लागू भएका बेला अनुमतिविना हिंड्डुल गर्न नपाइने भएपनि हिंड्डुल गरेकाले उनीहरूलाई पक्राउ गरिएको वरिष्ठ प्रहरी निरीक्षक निहाल थाल्डुवाले जानकारी दिए।

आर्थिक सङ्कटसँगै राष्ट्रपति र उच्च सरकारी अधिकारीहरूविरुद्ध सर्वसाधारणले आक्रोश व्यक्त गर्दै आन्दोलित भएपछि सरकारले देशव्यापी सुरक्षाका लागि भन्दै सङ्कटकाल घोषणा गरेको छ।

आन्दोलनकारीहरूले राष्ट्रपति गोटाबाया राजापाक्षेको निवास घेराउ गर्नुका साथै आक्रमणको प्रयास गरेपछि उनीहरू र सुरक्षाकर्मीबीच झडपसमेत भएको थियो। त्यस क्रममा प्रदर्शनकारी र सुरक्षाकर्मीहरू पनि घाइते भएका थिए।

चरम आर्थिक सङ्कट भोगिरहेको श्रीलङ्कामा हिंसात्मक गतिविधि बढ्न थालेकोले सङ्कटकाल घोषणा गर्नुपरेको सरकारी अधिकारीहरूले जनाएका छन्।

सार्वजनिक व्यवस्थाको संरक्षण र समुदायको जीवन रक्षाका लागि आवश्यक आपूर्ति र सेवा मरम्मतका लागि भन्दै आपत्कालीन अवस्था घोषणा गरिएको सरकारले जनाएको छ।

सरकारको विरोधमा प्रदर्शन गर्नेहरूलाई नियन्त्रणमा लिएर हिरासतमा राख्न पनि आदेश जारी भएको छ। राजधानी कोलम्बोलगायत मुख्य शहरमा सुरक्षाकर्मीले रातको समयमा निषेधित क्षेत्र घोषणा गरेको छ।

आर्थिक मन्दीसँगै अत्यधिक मूल्यवृद्धि र विद्युत् आपूर्तिसमेत बन्द हुँदा सर्वसाधारण थप मारमा परेकाले उनीहरू आन्दोलित भएका हुन्।

सन् १९४८ मा बेलायतको उपनिवेशबाट स्वतन्त्र भएको श्रीलङ्का पछिल्लो समय चरम आर्थिक सङ्कटका कारण अत्यावश्यक वस्तुको समेत आपूर्ति गर्न नसक्दा आम सर्वसाधारण आन्दोलित भएका हुन्। अघिल्लो साता मात्र कागज किन्न नसकेको भन्दै विद्यालय तहको परीक्षा नै स्थगित भएको थियो। रासस

## हङ्गेरीमा सांसद चयनका लागि मतदान

बुडापेस्ट, २० चैत/सिन्ह्वा

हङ्गेरीमा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदान भएको छ।



चुनावी सभामा प्रधानमन्त्री भिक्टर अर्वान। तस्वीरः रायटर्स

आइतवार भएको निर्वाचनबाट १९९ सिटका लागि सांसदहरू निर्वाचित हुने निर्वाचन आयोगले जनाएको छ।

निर्वाचनले प्रधानमन्त्री भिक्टर अर्वानको भविष्यको पनि फैसला गर्ने भएको छ। देशभरि मतदान अधिकार पाएकाहरूको सङ्ख्या ७० लाख ८० हजार रहेको छ। निर्वाचनका लागि देशभरि १० हजार मतदान केन्द्रहरू तय गरिएको आयोगले जनाएको छ।

स्थानीय समय अनुसार बिहान ६ बजेदेखि शुरू भएको मतदान बेलुका ७ बजेसम्म चल्ने भएको छ।

निर्वाचनको नतीजा आइतवार राति नै आउने अपेक्षा गरिएको छ। वर्तमान राष्ट्रपति अर्वानकै पार्टी फिडेज पार्टीले थोरै मतान्तरले जीत हासिल गर्ने अनुमान गरिएको छ।

सन् १९९८ मा शक्तिमा आएका ५८ वर्षीय प्रधानमन्त्री अर्वानले शुरूमा सन् २००२ सम्म शासन गरेका थिए। त्यसपछि सन् २०१० मा फेरि शक्तिमा आएका थिए।

आइतवार भएको निर्वाचनमा पनि उनको पार्टीले बहुमत हासिल गरेमा उनी पाँचौंपटक देशको प्रधानमन्त्री बन्नेछन्।

यसअघि सन् २०१८ मा भएको निर्वाचनमा उनको गठबन्धनले १३३ सिटमा जीत हासिल गरेको थियो।


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## साहित्य, कला तथा नाट्य महोत्सवको सम्पूर्ण तयारी पूरा

जनकपुर, २० चैत/रासस

मैथिली कला, साहित्य र सङ्गीत क्षेत्रको विकास र विस्तार गर्ने उद्देश्यका साथ हुने लागेको तेस्रो संस्करणको जनकपुरधाम साहित्य, कला तथा नाट्य महोत्सव २०७८ को सम्पूर्ण तयारी पूरा भएको छ। मैथिली विकास कोषको आयोजनामा यही चैत २३ गतेदेखि हुने महोत्सव तीन दिनसम्म चल्नेछ।

जनकपुरधामस्थित जानकी मन्दिर प्राङ्गणमा आयोजना हुने महोत्सवको पूर्वप्रधानमन्त्री तथा नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले उद्घाटन गर्ने कार्यक्रम तय भएको कोषका अध्यक्ष जीवनाथ चौधरीले जानकारी दिए।

महोत्सवको तयारीबारे जानकारी दिन आइतवार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष चौधरीले महोत्सवको सम्पूर्ण तयारी पूरा भइसकेको र आमन्त्रण वितरणको कार्य भइरहेको बताए।

कला र सङ्गीत क्षेत्रका विशिष्ट व्यक्ति सम्मिलित नेपालका दुई र छिमेकी देश भारतका तीन गरी पाँच समूहको सहभागिता रहने महोत्सवमा विभिन्न १० विषयवस्तुमा विचारविमर्श हुने जनाइएको छ।

सांस्कृतिक झाँकीसहितको शोभा यात्रा, रङ्गारङ्ग उदघाटन, मिथिला चित्रकला कार्यशाला तथा प्रदर्शनी, बहुभाषिक नाटक, गरमागरम विमर्श, नेपाल तथा भारतका विशिष्ट रङ्गकर्मीद्वारा सांस्कृतिक कार्यक्रम, मिथिला भोजन तथा पुस्तक प्रदर्शनी र विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता महोत्सवका मुख्य आकर्षण रहने अध्यक्ष चौधरीको भनाइ छ।

तत्कालीन जिल्ला विकास समितिका निर्वाचित जनप्रतिनिधिहरूद्वारा २०५८ सालमा स्थापित मैथिली विकास कोषले जनकपुरधाम साहित्य, कला तथा नाट्य महोत्सवको पहिलो संस्करण २०७३ र दोस्रो संस्करण २०७५ सालमा आयोजना गरेको थियो। प्रत्येक दुई वर्षमा आयोजना हुने सो महोत्सवको तेस्रो संस्करण २०७७ सालमा गर्न चाहे पनि विश्वव्यापीरूपमा फैलिएको कोभिड–१९ सङ्क्रमणका कारण गर्न नसकिएकोले यसपटक तेस्रो संस्करण गर्न लागेको अध्यक्ष चौधरीले बताए।

## रक्सौलमा चरेससहित तीनजना रूसी नागरिक पक्राउ

राजेश केशरीवाल, रक्सौल, २० चैत/

छ किलो चरेससहित तीनजना रूसी नागरिकलाई रक्सौल प्रहरीले पक्राउ गरेको छ। भारत–नेपाल सीमामा तैनाथ आब्रजन विभागले एकजना रूसी महिलासहित तीनजनालाई पक्राउ गरेको हो।



पक्राउ परेका तीनजना रूसी नागरिक। तस्वीरः प्रतीक

भारतबाट नेपाल पैदल गइरहेका तीनजना रूसी नागरिकलाई विभागले चेकजाँच गर्दा छ किलो चरेस बरामद भएको अधिकारीले जनाएका छन्। तिनीहरूको भिसाको म्याद पनि बितिसकेको अधिकारीले जनाएका छन्। पक्राउ पर्नेमा रोलडोगिन एलेक्सी, भ्रेरदेव इलिया र वालाशोवा अन्ना रहेको रक्सौल थाना अध्यक्ष शशिभूषण ठाकुरले बताए।

## दुईवटा वडाको विद्युत् लाइट काटियो

प्रस, पंचगावाँ, २० चैत/

नेपाल विद्युत् प्राधिकरण, पोखरिया वितरण केन्द्रले पटेर्वासुगौली गाउँपालिकाका दुईवटा वडाको लाइन काटेको छ।

वितरण केन्द्र पोखरियाले वडा नं १ र ३ को लाइन काटेको जनाएको छ। विद्युत् उपभोक्ता समितिमार्फत सो वडामा विद्युत् वितरण भएको र हालसम्म १५ लाख रुपैयाँभन्दा बढी बक्यौता हुँदा पनि नतिरेको कारण आज दिउँसोदेखि लाइन काटिएको हो।

विद्युत् उपभोक्ता समितिका अध्यक्ष नूरहोदा मियाँ अन्सारीले उपभोक्ताहरूसँग रकम असुल गरेको तर वितरण केन्द्रमा नबुझाएको स्थानीय उपभोक्ताको आरोप छ।

### प्रतिगमनविरुद्धको खबरदारी....

सिरनहाको धनगढीस्थित सामुदायिक विद्यालयले प्राकृतिक चिकित्सा र आयुर्वेदको पठनपाठन शुरू गरेको छ।

बर्दिबास–११ को खयरमारास्थित चनौटेमा अध्यक्ष प्रचण्डले आज नै शहीद पार्क निर्माण कार्यको शिलान्यास गरे। बर्दिबास नगरपालिकाले यो पार्क निर्माणको योजना अघि बढाएको हो।


**मोटरसाइकल चोरी भएको सूचना**

चेसिस नं MD634BE43M2B00785, इन्जिन नं BE4BM2600746 भएको प्र.२–०३–०१४प ३३८१ नम्बरको टिभिएस कम्पनीको अपाचे RTR 160 2V FD नीलो रङ्गको १६० सिसीको मोटरसाइकल २०७८/१२/१९ गते दिउँसो ४:०० बजे बारा, कलैया उपमनपा, सिद्धेश्वर माविको गेटनजीकैबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो. नं. नम्बर ९८१२२२१३३२ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

**बिजेन्द्र महतो**
बोधवन, कोल्हवी नपा–५, बारा


## पर्साका सामुदायिक विद्यालय सञ्चालन

प्रस, पंचगावाँ, २० चैत/

पर्सा जिल्लाका सामुदायिक विद्यालयहरू आइतवारदेखि सञ्चालन भएका छन्। लोक सेवा आयोगको परीक्षामा सहभागी हुन शिक्षकहरू अन्यत्र जिल्लामा गएका कारण एक साताका लागि यहाँका विद्यालय बन्द गरिएका थिए। चैत १३ देखि १९ गतेसम्म बन्द रहेका विद्यालयहरू आजदेखि सञ्चालनमा आएका हुन्।

मावि, निमावि, प्राविका शिक्षकहरू परीक्षा दिन जिल्लाबाहिर गएपछि जनशक्ति अभावमा जिल्लाका सामुदायिक विद्यालयहरू एक साताको लागि वर्षे बिदामा मिलान हुने गरी बन्द गरिएको थियो।

## विद्यालय सफ्टवेयर हस्तान्तरण

प्रस, पोखरिया, २० चैत/

जिल्ला उच्चाङ्गल रामदेव कलवार मावि पोखरिया र मोहवनी पद्म मावि विद्यार्थीबीच सूचना र अन्य जानकारी आदानप्रदान गर्न तथा नगरपालिकाकालाई पनि अनुगमन गर्न सहज हुने बताइएको




तस्वीरः प्रतीक

गोविन्दपुरमा सफ्टवेयर हस्तान्तरण गरिएको छ।

पोखरिया नपाकी उपप्रमुख सलमा खातुनले सो सफ्टवेयर विद्यालयलाई हस्तान्तरण गरेकी थिइन्।

सफ्टवेयरको प्रयोग गरी शिक्षक, छ।

कार्यक्रममा शिक्षक, कक्षा ८, ९, १० का विद्यार्थी र नगरपालिकाका प्रशासन शाखा प्रमुख विजय झा, सूचना तथा प्राविधिक शाखा प्रमुख अरविन्द दुबेलगायतको सहभागिता थियो।

## पोखरियामा निश्शुल्क स्वास्थ्य शिविर

प्रस, पोखरिया, २० चैत/

पोखरिया नगरपालिकामा महिलाहरूको पाठेघरको क्यान्सर तथा




अन्य स्त्रीरोग चेकजाँचसम्बन्धी घुम्ती शिविर आइतवार सम्पन्न भएको छ।

शिविरमा ३८ जना महिलाले स्वास्थ्य परीक्षण गराएका थिए भने पाँचजनालाई शल्यक्रिया गराउनुपर्ने देखिएको पोखरिया नगरपालिकाका स्वास्थ्य संयोजक कौशलेन्द्र मिश्रले जानकारी दिए। यसअघि चैत १८ गते वसन्तपुर स्वास्थ्य चौकीमा आयोजित शिविरमा ४८ जना महिलाले स्वास्थ्य परीक्षण गराएका थिए, जसमा छजनाको शल्यक्रिया गर्नुपर्ने देखिएको थियो।

ती ११ जना महिलाको निश्शुल्क शल्यक्रिया गरिने पोखरिया नगरपालिकाकी उपप्रमुख सलमा खातुनले बताइन्।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# सामाजिक सेवासँगै सहकारी प्रविधिमैत्री हुनुपर्छ -अध्यक्ष साह

प्रस, पंचगावाँ, २० चैत/

"मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" नाराका साथमा ६५औं राष्ट्रिय सहकारी दिवसको अवसरमा जय महावीर कृषि सहकारी संस्था लि. लखनपुरको आयोजना तथा जिल्ला कृषि सहकारी सङ्घ लि., पर्साको आर्थिक सहयोगमा आइतवार अन्तर्क्रिया सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

कार्यक्रममा जिल्ला कृषि सहकारी सङ्घ लि., पर्साका अध्यक्ष शिवकुमार साहले प्रविधिसम्बन्धी महत्त्वपूर्ण ज्ञान सम्प्रेषण भएको र अब सहकारीले यसलाई अभियानका रूपमा अगाडि बढाउनुपर्नेमा जोड दिए।

उनले सामाजिक सेवासँगै सेवाप्रवाहलाई चुस्त बनाउँदै सदस्यहरूलाई सन्तुष्ट बनाउन प्रविधिको विकल्प नभएको बताए। सहकारीलाई प्रविधिमा रूपान्तरण गर्ने लक्ष्य रहेको बताउँदै उनले सहकारीहरूलाई हातेमालो गर्न आग्रह गरे।

प्रविधिमैत्री सहकारीमा सुशासनमा वृद्धि हुन्छ भने सदस्यहरूको सहभागिता वृद्धि गर्न, प्रजातान्त्रिक नियन्त्रण प्रणालीलाई मजबूत बनाउन, प्रभावकारी सञ्चार अवलम्बन गर्न पनि प्रविधि अपरिहार्य भएको उनले बताए। प्रविधिलाई अवसरका रूपमा लिएनौं र झन्झटको रूपमा लियौं भने सहकारी पछि पर्नेछ, उनले भने।

विसं २०१३ चैत २० गते चितवनमा बखानपुर सहकारी ऋण समितिको स्थापना भई नेपालमा सहकारी अभियानको सुरुआत भएको ऐतिहासिक दिनको स्मरण गर्दै सदाझैं यस वर्ष पनि ६५औं राष्ट्रिय सहकारी दिवस मुलुकभर विभिन्न कार्यक्रम गरी मनाइएको छ।

जय महावीर कृषि सहकारी संस्था लि., लखनपुरका सचिव बमबहादुर पण्डितको अध्यक्षता र सङ्घ पर्साका अध्यक्ष साहको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा वडा सदस्य धर्मराज साह, सखुवाप्रसौनी गाउँपालिकाका कृषि शाखा प्रमुख दायाराम वाग्ले, मुमताज अन्सारी, शिव साहलगायत सहकारीकर्मीहरूको सहभागिता थियो। कार्यक्रमको सञ्चालन उदित साह कानूले गरेका थिए।

## आगलागीबाट सावधानी अपनाऔं

**निम्न कारणबाट आगलागी हुन सक्छ,**

- आगोको प्रयोगमा होशियारी नअपनाउँदा,
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरीबतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरवाही गर्दा,
- चटचाङ पर्दा तथा बिजुलीको तार सर्ट हुँदा।

त्यसैले सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## फूटबल प्रतियोगिता

सप्तरी, २० चैत/रासस

सप्तरीको सप्तकोशी नगरपालिका फत्तेपुरमा आउँदो शुक्रवारदेखि मदन भण्डारी स्मृति फूटबल प्रतियोगिता आयोजना हुने भएको छ। जिल्ला फूटबल सङ्घ र फत्तेपुरस्थित न्यु त्रियुगा स्पोर्ट्स क्लबद्वारा शहीद स्मृति रङ्गशालामा आयोजना गरिने प्रतियोगितामा प्रदेश नं १ र मधेस प्रदेशका आठ टोली सहभागी हुने जनाइएको छ।

राष्ट्रिय स्तरका खेलाडीहरू सम्मिलित टोलीमा आयोजक संस्थाका साथै झापाको दमक फूटबल एकेडेमी, सुनसरीको इटहरी फूटबल क्लब, मोरङको डागिहाट फूटबल क्लब, उदयपुरको गाईघाट फूटबल क्लब, सिरहाको सहलेस फूटबल क्लब, महोत्तरीको एपिएफ फूटबल क्लब र सर्लाहीको वाग्मती युवा क्लबको सहभागिता रहने जिल्ला फूटबल सङ्घका महासचिव अमर खवासले जानकारी दिए। प्रतियोगितामा विजेतालाई रु दुई लाख र उपविजेतालाई रु एक लाखसहित ट्रफी, प्रमाणपत्र र पदक प्रदान गरिने उनले बताए। प्रतियोगितामा सर्वाधिक गोलकर्ता, उत्कृष्ट खेलाडी, म्यान अफ दी म्याच, बेस्ट गोल कीपरलाई समेत पुरस्कृत गरिने जनाइएको छ। प्रतियोगिताको आयोजन सप्तरी १ (क) बाट निर्वाचित सांसद सत्यनारायण मण्डलको संसदीय विकास कोष र स्थानीय दाताहरूको सहयोगमा हुन लागेको जनाइएको छ।

**पुरुषतर्फ चौदण्डीगढी र महिलातर्फ बेल्टार विजयी**

सप्तरीको कञ्चनरूप नगरपालिकाद्वारा आयोजित खुला मेयर कप ब्याडमिन्टन प्रतियोगितामा चौदण्डीगढी नगरपालिका-५ का विनय चौधरी र सनिल चौधरीको समूह विजयी भएको छ। कञ्चनरूप नगरपालिका-२ स्थित कभर्डहलमा आज सम्पन्न अन्तिम चरणको खेलमा विनय र सनिलको समूहले चौदण्डीगढी नगरपालिकाका केनिस मगर र साजन राईको समूहलाई पराजित गरी प्रथम भएको हो।

प्रतियोगितामा चौदण्डीगढी नगरपालिका-५ का प्रमोद चौधरी र समीर फुयाँल तथा कञ्चनरूप नगरपालिकाका अभिषेक गौतम र राकेश थापाको समूह तृतीय भएको थियो।

कप, पदक र प्रमाणपत्रसहित प्रथम हुनेलाई जनही रु छ हजार, द्वितीय हुनेलाई जनही रु चार हजार र तृतीयलाई जनही रु दुई हजार प्रदान गरिएको थियो। यस्तै महिलातर्फ बेल्टार नगरपालिका उदयपुरकी रीना राईको समूह प्रथम र विष्णु मगरको समूह द्वितीय भएको थियो। प्रतियोगितामा प्रथम हुनेलाई रु पाँच हजार र द्वितीय हुनेलाइ रु तीन हजार प्रदान गरिएको थियो। सप्तरी र उदयपुर जिल्लाबाट चारवटा महिला टोलीसहित ३६ टोली प्रतियोगितामा सहभागी थिए। पुरस्कार वितरण समारोहमा कञ्चनरूप नगरपालिकाका नगरप्रमुख वसन्त कुमारले खेलाडीहरूले अनुशासित भई उच्च मनोबलका साथ खेल्दा राम्रो प्रगति हुने बताए।

## फूटबलः मध्यपुर र भगवती क्लबबीचको खेल बराबरी

काठमाडौं, २० चैत/रासस

शहीद स्मारक 'बी' डिभिजन लिग फूटबलमा मध्यपुर युथ एसोसिएशन र भगवती क्लबले बराबरी खेल्दै अङ्क बाँडेका छन्। सातदोबाटोस्थित (एन्फा) अखिल नेपाल फूटबल सङ्घ (एन्फा) कम्प्लेक्समा आज भएको खेलमा मध्यपुर र भगवतीले गोलरहित बराबरी खेल खेलेका हुन्। खेलको विभिन्न समयमा पाएको अवसर दुवै टोलीले सदुपयोग गर्न सकेनन्।

बराबरी खेलसँगै मध्यपुरले ११ खेलमा १४ अङ्क जोडेको छ भने समान खेल खेलेको भगवतीले १५ अङ्क जोडेको छ। लिगमा विभिन्न १४ क्लबको सहभागिता रहेकामा शीर्ष दुई टोली 'ए' डिभिजन लिगमा बढुवा हुनेछन्। यस्तै पुछारका दुई टोली रेलिगेशनमा पर्दै 'सी' डिभिजनमा झर्नेछन्।

# वीरगंज र मकवानपुर उवासङ्घबीच भगिनी सम्बन्ध कायम

प्रस, वीरगंज, २० चैत/

वीरगंज उद्योग वाणिज्य सङ्घले मकवानपुर उद्योग वाणिज्य सङ्घसँग भगिनी सम्बन्ध कायम गरेको छ।



तस्वीरः सौजन्य

सङ्घहरूले आआफ्ना क्षेत्रका विषयगत अवसर, सम्भावना र समस्या साझा गर्ने र सरोकारवाला निकायसमक्ष पुऱ्याउन भगिनी सम्बन्ध स्थापना गरेको हो।

वीउवासङ्घका अध्यक्ष सुबोधकुमार गुप्ता र मकवानपुर उवासङ्घका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले स्मृतिपत्रमा हस्ताक्षर गरेका थिए।

कार्यक्रममा अध्यक्ष गुप्ताले वीरगंजको आर्थिक, सामाजिक महत्त्व, यसले बोकेको सम्भावना दर्शाउँदै आर्थिक उन्नयनका लागि खेलेको भूमिकाबारे अवगत गराए। उनले केही दिनअघि विभिन्न मन्त्रालयका मन्त्री, सचिव, विभागका महानिर्देशकलगायत सम्बन्धित निकायसँग भेटघाट गरी कर, राजस्व, भंसार, स्थानीय कर, पूर्वाधार विकास, औद्योगिक विकास, शान्ति सुरक्षालगायत मुद्दाहरू समाधानको लागि पहल एवं प्रयास हुनुपर्नेमा जोड दिए।

मकवानपुर उवासङ्घका अध्यक्ष अग्रवालले यस क्षेत्रको उद्योग, व्यापार, व्यवसायका साथै सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटन, ह्यान्डीक्राफ्ट्सको विकास र प्रवर्द्धनको लागि सहकार्य गर्न जोड दिए।

कार्यक्रममा वीउवासङ्घका निवर्तमान अध्यक्ष गोपाल केडिया, वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, महासचिव मनोजकुमार दास, सहकोषाध्यक्ष प्रेमचन्द्र गोयल, अङ्कित खेतान, सुरेश रूँगटा, प्रमोद चौरसिया, रवीन्द्र बर्णवाललगायतको सहभागिता थियो।

## २० महिलासहित १०१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २० चैत/

६५औं राष्ट्रिय सहकारी दिवसको अवसरमा कोअपरेटिभ मैनेजर क्लब, पर्साको आयोजनामा आइतवार सम्पन्न रक्तदान कार्यक्रममा बीसजना महिलासहित १०१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका राजन श्रीवास्तवले बताएका छन्।



तस्वीरः प्रतीक

माईस्थान पार्कमा आयोजित कार्यक्रममा वीरेन्द्रराज कँडेल, सुषमा श्रेष्ठ, रामबाबू मण्डल, वन्दना थापा, राजीव झा, सोनम श्रेष्ठ, अजय प्रजापति, आशा झा, श्यामसुन्दर ठाकुर, गणेशमाया खड्गी, रविकान्त चौरसिया, सावित्री राय, उपेन्द्र यादव, सन्नी साहलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

## म्याद गुज्रेको टुबोर्ग बियर बिक्री हुँदै

प्रस, पोखरिया, २० चैत/

डेढ वर्ष म्याद गुज्रेको टुबोर्ग गोल्ड बियर पर्सा जिल्लाका ग्रामीण क्षेत्रमा बिक्री भइरहेको पाइएको छ।



म्याज गुज्रिएको टुबोर्ग गोल्ड बियर। तस्वीरः प्रतीक

पोखरिया नगरपालिका-४ बजार क्षेत्रमा रहेको कोल्ड स्टोरमा सन् २०२० अगस्त ४ मा मिति गुज्रिएको टुबोर्ग गोल्ड बियर सेवन गर्नुपरेको उपभोक्ताले बताए। चीसो बियर सेवन गरेपश्चात् मिति हेर्दा डेढ वर्षअगाडि नै म्याद गुज्रिएको पाइएको ती उपभोक्ताले प्रतीकलाई जानकारी गराएका छन्।

पसलेले भने थोक विक्रेताले गएको होलीमा सो टुबोर्ग गोल्ड बियर दिएको बताए। उनले आफूलाई यसबारेमा केही थाहा नभएको प्रतिक्रिया दिएका छन्। उपभोक्ताबाट आज म्याद गुज्रेको गुनासो आएपछि आफूलाई थाहा भएको बताए। उनले बोतलसँगै क्यान बियर पनि म्याद गुज्रेको पाएको र डिलरलाई फिर्ता गर्ने बताए।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १) | कुमारीमाई मन्दिर समिति | कलशयात्रा | रानीघाट | ७:०० |